# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १०४ | काठमाडौं | मंगलबार, २० साउन २०८२ | Prabhab National Daily | Tuesday, 05 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


प्रसाईं प्रकरणमा उच्चको ठहर

## आपराधिक कसुरमा विश्वासयोग्य प्रमाण भेटिएन



तस्बिर: सामाजिक सञ्जालबाट

- आपराधिक उपद्रवसम्बन्धी कसुरमा विश्वासयोग्य प्रमाण पेस नभएको अदालतको ठहर
- लाठीको प्रयोगले नेपालको सरकार र संवैधानिक संरचनालाई पल्टाउनेसम्मको कसुर हुन्छ भन्ने परिकल्पना गर्नु कमजोर अभिव्यक्ति
- ज्यान मार्ने उद्योगतर्फ पनि प्रसाईंले चलाएको गाडीले सुरक्षा घेरा तोडी अगाडि बढेको देखिए पनि कोही कसैलाई उल्लेख्य घाउ चोट लागेको देखिने घाउ जाँच प्रतिवेदन पेस हुन नसकेको उल्लेख

■ **जेबी योञ्जन**

**काठमाडौं–** आपराधिक उपद्रवको कसुरमा मेडिकल व्यवसायी दुर्गा प्रसाईंविरुद्ध विश्वासयोग्य प्रमाण पेस गर्न सरकारपक्षले नसकेको उच्च अदालत पाटनले ठहर गरेको छ । विश्वासयोग्य प्रमाणकै अभावमा उनलाई धरौटीमा छाड्न आदेश दिइएको उल्लेख छ ।

'आपराधिक उपद्रव कसुरमा भने दुर्गा प्रसाईंको हकमा अभियोग दाबीबमोजिम घटनामा उनको उपस्थिति र उनले प्रत्यक्षरूपमा सो कार्य गराउन लगाए, अह्राएको भन्ने विश्वासयोग्य प्रमाण पेस हुन सकेको देखिँदैन,' उच्चका न्यायाधीशद्वय टंकप्रसाद गुरूङ र डिल्लीरत्न श्रेष्ठको इजलासले सोमबार जारी गरेको आदेशमा भनिएको छ ।

न्यायाधीशद्वयले गत चैत १५ गते भएको तीनकुने घटनामा प्रसाईंलाई तीन लाख रूपैयाँ धरौटीमा छाड्न आदेश दिएका हुन् । यही मुद्दाका अन्य प्रतिवादीहरू सुशील बरालसँग ५० हजार, दण्डपाणी रेग्मीसँग १० हजार र तारा राजावादी भनिने सरोज गौतमसँग ५० हजार रूपैयाँ धरौटी माग भएको छ । प्रसाईंले सोमबार नै धरौटी बुझाएर छुटेका छन् ।

यसअघि २९ जेठमा जिल्ला अदालत काठमाडौंले प्रसाईंलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । यो आदेशलाई उच्चले बेरितको भन्दै खारेज गरिदिएको छ ।

क्रमशः पृष्ठ २ मा

### २८ लाख धरौटी बुझाएर छुटे प्रसाईं

विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं चार महिनापछि रिहा भएका छन् । उनलाई कारागार कार्यालय डिल्लीबजारले सोमबार साँझ रिहा गरेको हो । उच्च अदालत पाटनले प्रसाईंलाई २८ लाख रुपैयाँ धरौटीमा रिहा गर्नू भन्दै आदेश साँझ दिएको थियो । जतिबेला कारागार कार्यालय डिल्लीबजारका कर्मचारीहरू घर गइसकेका थिए, जसले गर्दा प्रसाईंको रिहा राति साढे १० पछि भयो ।

उनलाई लिन नेपाली कांग्रेसका सांसद सुनिल शर्मा गएका थिए । शर्मा मोरङ र प्रसाईं छिमेकी जिल्ला झापाका हुन् । दुवै मेडिकल व्यवसायी हुन् । शर्मा प्रसाईंलाई थुनामा राखिएको भन्दै यसअघि सार्वजनिकरूपमै विरोध गर्थे ।

क्रमशः पृष्ठ २ मा

# नेताहरूको सम्पत्ति छानबिन गर्न माओवादी स्थायी समितिको माग




- घुस डिल प्रकरणमा मुछिएका भूमि व्यवस्थामन्त्री बलराम अधिकारीमाथि छानविनको माग
- सार्वजनिक पदाधिकारी तथा उच्चपदस्थ नेताहरूको सम्पत्ति छानबिन गर्ने अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गर्ने माग
- नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसँग एकता गर्ने निर्णय

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा माओवादी केन्द्रले घुस डिल प्रकरणमा मुछिएका भूमि व्यवस्थामन्त्री बलराम अधिकारीमाथि छानबिन गर्न माग गरेको छ । सोमबार पेरिसडाँडामा बसेको स्थायी समितिले मन्त्री अधिकारीमाथि छानबिन अघि बढाउन माग गरेको हो ।

बैठकपछि माओवादी प्रवक्तासमेत रहेका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले भ्रष्टाचार आरोपी मन्त्रीमाथि छानबिन नगरिनु सुशासनविरोधी काम भएको बताए । 'सरकारकै मन्त्रीहरूमाथि भ्रष्टाचारको आरोप लागिरहँदासमेत छानबिनको प्रयत्न नगिरनुबाट सुशासनप्रति राज्यको जवाफदेहिता शून्य भएको पुष्टि भएको छ । यो बैठक सरकारका सुशासनविरोधी कदमको विरोध गर्दै आरोपित मन्त्रीहरूमाथि छानबिनको माग गर्दछ,' बैठकपछि सापकोटाले भने ।

कास्कीको मालपोत कार्यालयका मालपोत अधिकृत सरुवा प्रकरणमा घुस डिल गरेको प्रकरणमा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिइसकेका छन् । तर सम्बन्धित मन्त्री अधिकारीमाथि न त छानबिन न त राजीनामा कुनै कारबाही सरकारले अघि बढाएको छैन ।

७८ लाख रूपैयाँ घुस डिल प्रकरणमा भूमि व्यवस्थामन्त्री अधिकारीको नामसमेत मुछिएको छ । यसैगरी नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठको नामसमेत यो घुस प्रकरणमा मुछिएकी छन् । यद्यपि सरकारले भूमि व्यवस्थामन्त्री अधिकारी र श्रेष्ठमाथि भने कुनै कारबाही अघि बढाएको छैन । राजीनामा दिएका मन्त्री गुप्तामाथिसमेत सरकारले अनुसन्धान अघि बढाएका छैनन् ।

त्यसैगरी माओवादीले बढ्दो जनआक्रोशलाई सम्बोधन गर्न नेताहरूको सम्पत्ति छानबिन गर्नसमेत माग गरेको छ । यसका लागि उच्चस्तरीय आयोग गठन गर्न स्थायी कमिटिले माग गरेको छ । 'जहाँ सरकार, त्यहाँ व्यापक भ्रष्टाचार अहिले पर्यायवाची बनेका कारण आमजनतामा चुलिँदो आक्रोशलाई बैठकले गम्भीररूपमा लिन्छ,' माओवादी स्थायी समितिको निर्णय सुनाउँदै सापकोटाले भने, 'भ्रष्टाचारविरुद्ध निर्णायक कदम चाल्दै, सार्वजनिक पदाधिकारी तथा उच्चपदस्थ नेताहरूको सम्पत्ति छानबिन गर्ने अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गर्न यो बैठक माग गर्दछ ।'

### एमालेसँग छैन एकताको तयारी

पछिल्लोपटक वाम एकतादेखि एमालेसँग एकता गर्ने तयारी पनि चलेको छ । यद्यपि, माओवादीले तत्काल एमालेसँग एकताको कुनै तयारी नगरेको प्रवक्ता सापकोटाले बताए । 'एमालेसँग तत्काल पार्टी एकता गर्ने कुनै सोच छैन,' उनले भने ।

क्रमशः पृष्ठ २ मा

### आत्मालोचना गर्न अस्वीकार



माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले अध्यक्ष पुष्पकमल दाहाललाई टक्कर दिँदै आएका छन् । शर्माले अध्यक्ष दाहालमाथि एकाधिकारको प्रश्न उठाउँदै विशेष महाधिवेशनको माग गर्दै आएका छन् । यसैबारे सोमबारको बैठकमा दाहालले आत्मालोचना गर्न सुझाव दिएका थिए । 'आत्मालोचना करकापको विषय होइन, तपाईंलाई रियलाइजेसन छ भने आत्मालोचना गर्नुस्,' अध्यक्ष दाहालले भने ।

जवाफमा उपमहासचिव शर्माले आफूले जायज प्रश्नहरू नै उठाएको र ती यथावत् रहेको बताएका थिए । 'उहाँले आत्मलोचना त गर्नुभएन । तर छलफल गर्दै जाँदा यो विषय टुंगिन्छ,' प्रवक्ता सापकोटाले भने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# कोरियन भाषा परीक्षाका लागि साउन २६ देखि आवेदन खुल्दै

## ५३०० जनाको कोटामा उत्पादनमूलक क्षेत्रतर्फ ३५०० र कृषि तथा पशुपालन क्षेत्रतर्फ १८०० जनालाई अवसर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियामा रोजगारीका लागि श्रमिक लैजानका लागि लिइने कोरियन भाषा परीक्षाको आवेदन यही साउन २६ गतेदेखि खुल्ने भएको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले सोमबार सूचना जारी गर्दै भाषा परीक्षासम्बन्धी जानकारी दिएको हो ।

रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत सन् २०२५ को प्रथम चरणको आवेदन खुला भएको कोरिया शाखाको सूचनामा उल्लेख छ । नेपाल सरकार र गणतन्त्र कोरियाको श्रम, रोजगार तथा सामाजिक मन्त्रालयबीच भएको समझदारी (एमओयू) अनुरूप भाषा परीक्षाका लागि आवेदन खुलाइएको शाखाको भनाइ छ ।

कोरियाले तीन दिनअघि नै आफ्नो वेबसाइटमा उक्त सूचना राखिसकेको भए पनि यहाँको विभिन्न प्रक्रियाका कारण सार्वजनिक गर्न ढिला भएको इपिएस कोरिया शाखाले जनाएको छ ।




- इपिएस प्रणालीमार्फत सन् २०२५ को प्रथम चरणको आवेदन खुला
- एक व्यक्तिले एउटा क्षेत्रका लागिमात्र आवेदन दिन पाइने
- साउन २६ देखि ३१ गतेसम्म आवेदन दिन सकिने
- १८ वर्ष पूरा भई ३९ वर्ष ननाघेको हुनुपर्ने
- फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको, कोरियामा गैरकानुनीरुपमा बसोबास गरे पनि कोरियाबाट फिर्ता नपठाइएको, नेपाल सरकारले अन्य मुलुक जान रोक लगाएकोलगायतका व्यक्तिले आवेदन दिन नपाउने

यस वर्षको पहिलो चरणमा पाँच हजार ३०० जनाको कोटा खुलाइएको छ । जसमध्ये तीन हजार ५०० जनालाई उत्पादनमूलक क्षेत्र र एक हजार ८०० जनालाई कृषि तथा पशुपालन क्षेत्रका लागि छुट्याइएको छ ।

कोरियामा श्रमिकको मागअनुसार उत्तीर्ण हुनेको संख्या थपघट हुनसक्ने सूचनामा उल्लेख गरिएको छ । एक व्यक्तिले एउटा क्षेत्रका लागिमात्र आवेदन दिन पाइनेसमेत जानकारी दिइएको छ ।

भाषा परीक्षाका लागि यही साउन २६ देखि ३१ गतेसम्म आवेदन दिन सक्ने सूचनामा उल्लेख छ । आवेदन दिन १८ वर्ष पूरा भई ३९ वर्ष ननाघेको हुनुपर्ने छ । फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको, कोरियामा गैरकानुनीरूपमा बसोबास गरे पनि कोरियाबाट फिर्ता नपठाइएको, नेपाल सरकारले अन्य मुलुक जान रोक लगाएकोलगायतका व्यक्तिले आवेदन दिन पाउने छैनन् ।

भाषा परीक्षा उत्तीर्ण भएकाहरूलाई मात्र दोस्रो चरणको सीप परीक्षणमा सहभागी गराइने छ । सीप परीक्षणमा उत्तीर्ण भएपछि रोजगार आवेदन फाराम भर्न सक्नेछन् । त्यसरी छनोट भएकाहरूको नाम रोस्टरमा राखिने छ, जसबाट कोरियास्थित रोजगारदाताले छनोट गरेपछि मात्र रोजगारी सुनिश्चित हुने छ ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### नेताहरूको...

यद्यपि नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसँग भने माओवादीले एकता गर्ने निर्णय गरेको सापकोटाले बताए ।

'विप्लव नेतृत्वको नेकपासँग एकता गर्ने सहमति भएको छ । वार्ता टोली बनाएर छलफल थाल्ने छौं,' सापकोटाले भने । उनले माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीसँग पनि छलफल भइरहेको बताउँदै निष्कर्षमा नपुगिएको जानकारी दिए । माओवादी बैठकले विभिन्न २६ प्रस्तावसमेत पारित गरेको प्रवक्ता सापकोटाले बताए ।

■■■

### आत्मालोचना...

यद्यपि, शर्माले माओवादीको निर्णयहरूमा भने हस्ताक्षर गरेको बताए । अहिलेसम्म बैठकका माइन्युटहरूमा हस्ताक्षर नगरेकोमा भने उनले गल्ती महसुस गरेको उनले बताए । आफूले राख्दै आएका केही सवालहरूमा बैठकमा छलफल होस् भन्ने चाहेको र छलफलै नभएपछि हस्ताक्षर नगरेको उनको भनाइ थियो ।

■■■

### आपराधिक...

यसबाहेक उच्चले संगठित अपराधबारे उच्चले केही तर्क प्रस्तुत गरेको छ । उच्चले लाठीले सरकार र संवैधानिक संरचना बदल्ने सरकारी तर्कलाई कमजोर भनेको छ । 'आफैंले सञ्चालन गर्न स्वीकृत दिएको कार्यक्रममा भाग लिएका संघ तथा समूहका कार्यालयबाट केही थान लाठीहरू बरामद भएको भन्ने बरामदी मुचुल्का पेस भएको,' आदेशमा भनिएको छ, 'लाठीको प्रयोगले नेपालको सरकार र संवैधानिक संरचनालाई पल्टाउनेसम्मको कसुर हुन्छ भन्ने परिकल्पना गर्नु प्रथम दृष्टिमै राज्यको कार्यकारिणी अधिकारअन्तर्गत सुरक्षाको जिम्मा लिएका निकायहरूको कमजोर अभिव्यक्ति रहेको पुष्टि हुन्छ ।'

यसबाहेक इजलासले प्रसाईंविरूद्ध राजद्रोहको कसुरमा विचार र अभिव्यक्तिकै आधारमा राष्ट्रद्रोहको कसुर हुन नसक्ने नजिर अघि सारेको छ । 'नागरिकले व्यक्त गरेको विचार र अभिव्यक्ति मात्र राष्ट्रद्रोहजस्तो गम्भीर कसुरको आधार बन्न नसक्ने भन्ने न्यायिक दृष्टिकोण रहेकाले यी प्रतिवादीहरूले व्यक्त गरेका विचार र अभिव्यक्तिलाई थुनछेक प्रयोजनका लागि विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिँदैन,' आदेशमा छ ।

प्रसाईंविरुद्धको कर्तव्य ज्यान मुद्दामा पनि अदालतले सरकारमाथि गम्भीर प्रश्न तेर्स्याएको छ । अभियोग दाबीमा किटानसमेत हुन नसकेको उल्लेख छ । '...तर उनीहरूबीच के कुन पूर्वरिसइबी थियो, मार्नलाई कसले कुन व्यवहारको योजना बनाए वा को कसले के कस्तो कर्तव्य गरेका हुन् भन्नेबारेमा अभियोग दाबीमा स्पष्ट किटान हुन सकेको छैन,' आदेशमा छ ।

प्रदर्शनका क्रममा प्रसाईंले प्रहरी अधिकारीहरूको ज्यान मार्ने उद्देश्यले नै गाडी चलाएको भन्दै ज्यान मार्ने उद्योग कसुरमा पनि मुद्दा दायर भएको थियो । उच्च अदालतले यसमा कोही पनि घाइते नभएको र घाइतेको घाउ चोट प्रतिवेदन पनि पेस नभएको उल्लेख गरेको छ ।

'ज्यान मार्ने उद्योगतर्फ पनि प्रसाईंले चलाएको गाडीले सुरक्षा घेरा तोडी अगाडि बढेको देखिए पनि कोही कसैलाई उल्लेख्य घाउ चोट लागेको देखिने घाउ जाँच प्रतिवेदन पेस हुन सकेको देखिँदैन,' न्यायाधीशद्वय गुरुङ र श्रेष्ठको ठहर छ ।

गत वर्षको चैत १५ गते नवराज सुवेदी संयोजक रहेको संयुक्त जनआन्दोलन समितिले प्रसाईंलाई कमाण्डर तोकेको थियो । उनको नेतृत्वमा भएको प्रदर्शन भड्किएको थियो । त्यस क्रममा ढुंगामुढा, तोडफोड, आगजनी, दुई जनाको मृत्यु र कयौं घाइते भएका थिए । सोही घटनालाई राजनीतिक नभई आपराधिक घटना भनेर प्रहरीले अनुसन्धान अघि बढाएको थियो । यसमा उच्चले सरकारको दाबीलाई अस्वीकार गर्‍यो ।

#### बैंकिङ कसुरमा २५ लाख धरौटी

दुर्गा प्रसाईंलाई बैंकिङ कसुरमा उच्च अदालत पाटनका मुख्य न्यायाधीश सुदर्शनदेव भट्ट र न्यायाधीश मुनेन्द्रप्रसाद अवस्थीको वाणिज्य इजलासले सोमबार नै २५ लाख धरौटी लिएर छाड्न आदेश दियो । आदेशअनुसारको धरौटी रकम प्रसाईंले सोमबार नै बुझाए । उनीविरुद्ध १८ करोड ४४ लाख रूपैयाँ बिगो दाबी गरिएको कर्जा अपचलनसम्बन्धी मुद्दामा थुनछेक बहस भएको थियो । तर, अदालतले तत्काल प्राप्त प्रमाणका आधारमा प्रसाईंलाई निर्दोष भन्न नसकिने तर उनी क्यान्सर रोगबाट पीडित रहेको प्रमाणलाई समेत आधार मान्दै धरौटीमा छाड्न आदेश दिएको हो ।

'मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी दुर्गाप्रसाद प्रसाईं निर्दोष रहेछन् भनी अहिले नै भन्न सकिने अवस्था नदेखिँदा, साथै निज क्यान्सर रोगबाट पीडित रहेको भन्ने निजले पेस गरेको प्रमाणबाट देखिन आएबाटसमेत पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी २५ लाख नगद धरौटी वा बैंक जमानत दिए लिई मुद्दाको पुर्पक्षका लागि तारेखमा राख्नुहोला ।' नेपाल राष्ट्र बैंकको जाहेरीका आधारमा नेपाल सरकारले प्रसाईंविरुद्ध मुद्दा दायर गरेको थियो ।

■■■

### २८ लाख...

सोमबार भने धरौटीमा रिहा गर्न आदेश दिँदा उनी प्रसाईंलाई लिनै कारागार पुगेका हुन् ।तीनकुने घटनापछि फरार भएका प्रसाईंलाई भारतको आसामबाट पक्राउ गरेर प्रहरीले गत वर्षको २९ चैतमा काठमाडौं ल्याएका थिए । उनै प्रसाईंलाई काठमाडौं जिल्ला अदालतले जेठको अन्तिम साता पुर्पक्षका लागि कारागार पठाएकोमा सोमबार रिहा भएका हुन् ।

■■■

### कोरियन...

त्यसैले भाषा परीक्षामा उत्तीर्ण हुनासाथ कोरिया जान पाउने सुनिश्चित नहुने शाखाले प्रस्ट पारेको छ । भाषा परीक्षामा सहभागी हुनका लागि २८ अमेरिकी डलर शुल्क लाग्ने बताइएको छ । सबै परीक्षार्थीको परीक्षा युबिटिमार्फत अनलाइन प्रणालीबाट काठमाडौंमा सञ्चालन हुने सूचनामा उल्लेख छ । भाषा परीक्षामा 'रिडिङ' र 'लिस्निङ' गरी दुईथरीका प्रश्न आउने उक्त परीक्षा ५० मिनेटको हुने छ । परीक्षाको स्थान र समय भने अर्को सूचनामार्फत जानकारी दिइने भनिएको छ ।

परीक्षामा अनधिकृत व्यक्ति समावेश भए, नक्कल गरे वा गराए चार वर्षसम्म परीक्षामा सहभागी हुने नपाउने नियम छ । परीक्षामा उत्तीर्ण भए पनि स्वास्थ्य जाँच या प्रहरी रिपोर्ट प्रतिकूल भए रोजगार आवेदन फाराम भर्नसमेत नपाउने जनाइएको छ ।

इपिएस कोरिया शाखाका अनुसार सन् २००८ यता एक लााख १७ हजार ५०० नेपाली युवा भाषा परीक्षा उत्तीर्ण गरेर कोरिया गइसकेका छन् । गत आर्थिक वर्ष २०८१/८२ मा इपिएसमार्फत ११ हजार ५०० जना गएका जनाइएको छ । हाल २० हजार युवा रोस्टरमा 'वेटिङ लिस्ट' (पर्खाइ सूची)मा छन् ।

अन्य क्षेत्रमा श्रमिकको माग नभएर नखुलाइएको इपिएस शाखाका निर्देशक राजकुमार राईले बताए । दोस्रो चरणमा अन्य क्षेत्र खुलाउने विषयमा पनि यकीन जानकारी नभएको उनको भनाइ छ । 'कोरियाले के गर्छ थाहै हुन्न । आउने बैठकमा कुरा गर्छौं के हुन्छ भनेर,' उनले भने । कोरियाले नयाँ आवेदन खुलाए पनि समझदारीमा विभिन्न संशोधन गर्नुपर्ने माग युवाहरूले राख्दै आएका छन् । 'एमओयूको विषयमा केही जानकारी भएन । यो मन्त्रालयस्तरबाट हुने विषय हो । यदि केही भएको भए थाहा भइहाल्थ्यो,' निर्देशक राईले भने ।

आकर्षक सेवा सुविधा र पारदर्शी छनोट प्रणालीका कारण बर्सेनि लाखौं युवाहरू कोरिया जान भाषा परीक्षामा सहभागी हुने गरेका छन् । तर रोजगारदाताले परीक्षामा उत्तीर्ण भएकाहरूबाट पनि छनोट गरेर लग्दा हजारौं युवाहरू रोस्टरमा नाममात्र पर्खनुपरेको अवस्था छ । उनीहरूले बेलाबेलामा आफूहरूको समय बर्बाद भएको भन्दै सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् । यसर्थ सूचनाको सुरुमै 'कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगारीको सुनिश्चितता होइन' भनेर सचेत गराइएको छ ।

## कक्षा १२ को नतिजामा सुधार

**भक्तपुर (प्रस)**– राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको कक्षा १२ को नतिजा गत वर्षभन्दा सुधार भएको छ । सोमबार साँझ बसेको बोर्ड बैठकले सार्वजनिक गरेको नतिजामा गत वर्षभन्दा करिब नौ प्रतिशतले नतिजामा सुधार भएको पाइएको हो ।

बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले गत वर्षभन्दा नौ प्रतिशतले वृद्धि गर्दै यस वर्ष ६१.१७ प्रतिशत विद्यार्थीले 'ग्रेड' (उत्तीर्ण) प्राप्त गरेको जानकारी दिए । गत वर्षको नतिजामा ५२.९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।

सोमबार सार्वजनिक नतिजाअनुसार नियमिततर्फ तीन लाख ९६ हजार ३४७ विद्यार्थी परीक्षामा सहभागी भएकामा दुई लाख ४२ हजार ४६५ विद्यार्थीले ग्रेड प्राप्त गरेका छन् ।

यस्तै, आंशिकतर्फ एक लाख १४ हजार ६४० विद्यार्थी परीक्षामा सहभागी भएकामा ४१ हजार ८४० विद्यार्थी उत्तीर्ण भएका छन् । नियमिततर्फ ११ र आंशिकतर्फ छ गरी १७ विद्यार्थीको परीक्षा रद्द गरिएको जानकारी दिँदै अध्यक्ष डा. शर्माले सबै विषयमा ग्रेड प्राप्त विद्यार्थीको संख्या दुई लाख ८४ हजार ३०५ विद्यार्थी रहेको बताए ।

नियमिततर्फ ६१.१७ र आंशिकतर्फ ३६.४९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।


### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०२।३१ गते काठमाडौं जिल्ला, पुरानो बानेश्वर वडा नं.३१ स्थित भिमसेनगोला छुनामुना चोक जुही गल्लीमा पार्किङ गरिराखेको रातिको १२:३० बजेतिर ओरेन्ज कालो रङ्गको Duke 200cc मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : Nischal Swar**
**बाइक नं.: बा.प्र. ०३-०५० प ५४९३**
**च्यासिस नं.: MD2JPCXLXRNO74814**
**इन्जिन नं. : R-936*09964***
**ठेगाना : पुरानो बानेश्वर, काठमाडौं**
**सम्पर्क: ९७४४३४१७७५**



### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/१२/२७ मा दर्ता भएको **प्रा.लि. नं. ८३३४७/०६७/०६८** को **उपत्यका सेक्युरिटी सर्भिस प्रा.लि.** को मिति २०८२/०४/१९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



### साउदीमा रोजगार

कम्पनी : AL-MUBARAKIYA GOLDEN TRADING COMPANY — शहर : Hafar Albatin

पूर्व स्वीकृति मिति : २०८२/०४/१९ — LT. No. 328438 — चलानी नं. ६०२४२३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 1 | 0 | 1000 | ३६,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1573/079/080
SHREESHA INTERNATIONAL PVT.LTD.
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location



### युएइमा रोजगार

कम्पनी : INECO EMIRATES LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/१८ — LT. No. 328412 — चलानी नं. ६०२४२२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminuum Fabricator | 10 | 0 | 1500 | ५६,४४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PAINTER | 5 | 0 | 1500 | ५६,४४३ | | | | | | | |
| 3 | Pipefitter | 5 | 0 | 1500 | ५६,४४३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Email : nileintl@wlink.com.np/ nileintl1@gmail.com/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७

### साउदीमा रोजगार

कम्पनी : DRESSER AL RUSHAID VALVE & INSTRUMENT CO.,LTD

पूर्व स्वीकृति मिति : २०८२/०४/१८ — LT. No. 328414 — चलानी नं. ६०२४२२८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४४,२०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

### साउदीमा रोजगार

कम्पनी : SAQAR SABAH ALANAZI

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ — LT. No. 327220 — चलानी नं. ६०२४२२७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

### बहराइनमा रोजगार

कम्पनी : RADHWAN GRILLS W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१९ — LT. No. 315911 — चलानी नं. ६०२३०१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 4 | 0 | 120 | ४३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

### साउदीमा रोजगार

कम्पनी : BAYOUT AL SHAM RESTAURANT ESTABLISHMENT FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/०४/१८ — LT. No. 328390 — चलानी नं. ६०२४२२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 1 | 0 | 1200 | ४४,२०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 1 | 0 | 1200 | ४४,२०७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104
श्रम ईजाजत नं. ११८२/०७३/७४


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

मंगलबार, २० साउन, २०८२

| | |
|---|---|
| मेष | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| वृष | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| मिथुन | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| कर्कट | महगा सामानतर्फ ध्यान जानेछ । |
| सिंह | खानपान र पहिरनमा खर्च हुनेछ । |
| कन्या | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| तुला | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| वृश्चिक | रोकिएका कम बन्ने नयाँ योजना । |
| धनु | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| मकर | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| कुम्भ | नोकरीमा पद प्राप्ति हुनेछ । |
| मीन | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० साउन , २०८२ (०५ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३९.७७ | १४०.३७ |
| युरो | १ को | १६१.९३ | १६२.६३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.६१ | १८६.४० |
| स्विस फ्रैन्क | १ को | १७३.८४ | १७४.५९ |
| अस्ट्रेलियन डलर | १ को | ९०.५३ | ९०.९२ |
| क्यानाडियन डलर | १ को | १०१.३७ | १०१.८१ |
| सिङ्गापुर डलर | १ को | १०८.४६ | १०८.९२ |
| जापानी येन | १० को | ९.४८ | ९.५२ |
| चिनियाँ युआन | १ को | १९.३८ | १९.४६ |
| साउदी अरब रियाल | १ को | ३७.२६ | ३७.४२ |
| कतारी रियाल | १ को | ३८.२४ | ३८.४० |
| थाई भाट | ख १ को | ४.३० | ४.३२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.०५ | ३८.२२ |
| मलेसियन रिङेट | १ को | ३२.६८ | ३२.८२ |
| दक्षिण कोरियन वन | १०० को | १०.०६ | १०.११ |
| स्विडिस क्रोनर | १ को | १४.४९ | १४.५५ |
| डेनिस क्रोनर | १ को | २१.७० | २१.७९ |
| हङकङ डलर | १ को | १७.८१ | १७.८८ |
| कुवेती दिनार | १ को | ४५७.३६ | ४५९.३३ |
| बहराइन दिनार | १ को | ३७०.७४ | ३७२.३३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# आँखा उपचार सेवालाई थप प्रभावकारी बनाउन सहकार्य

**काठमाडौं (प्रस)–** नेपाल नेत्रज्योति संघ र नेपलिज डक्टर्स एसोसिएसन बेलायतकाबीचमा आँखा उपचारका क्षेत्रमा आपसी सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

बेलायतमा रहेका नेपाली चिकित्सकको संस्थाको ४० औं वार्षिकोत्सवका अवसरमा आइतबार आयोजित कार्यक्रममा उक्त समझदारीपत्रमा हस्ताक्षर गरिएको हो । समझदारीपत्रमा संघका तर्फबाट केन्द्रीय सदस्य प्रा.डा. सबिना श्रेष्ठ र एसोसिएसनका तर्फबाट अध्यक्ष सञ्जीव नेपालीले हस्ताक्षर गरेको संघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।



संघकी सदस्य प्रा.डा. श्रेष्ठका अनुसार नेपालमा आँखा उपचार सेवाका विकास र विस्तारको उद्देश्यसहित दुई संस्थाका बीचमा सहकार्य भएको हो । उनले एसोसिएसनले नेपालमा सञ्चालन हुने आँखा उपचार सेवासम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउन स्वयंसेवी सेवामा संलग्न हुन इच्छुक योग्य नेत्र विशेषज्ञ तथा आँखाका स्वास्थ्यकर्मीलाई नेपालमा परिचालन गर्ने जानकारी दिए ।

त्यसैगरी आँखा उपचारका लागि आवश्यक स्वास्थ्य उपकरण तथा औषधिको व्यवस्थापनका लागिसमेत एसोसियसनले समन्वय गर्ने छ । एसोसिएसनले नेपालमा विभिन्न निःशुल्क उपचार शिविरसहित विभिन्न सामाजिक कार्य गर्दै आएको छ ।

वि.सं. २०३५ मा स्थापना भएको नेपाल नेत्रज्योति संघ नेपालकै अग्रणी गैरसरकारी संस्था हो । यसले सुलभ र गुणस्तरीय आँखा उपचार सेवा प्रदान गर्दै आएको छ । २८ आँखा अस्पताल, २२४ आँखा उपचार केन्द्र र ४५ जिल्ला शाखामार्फत संघले वार्षिक ३० लाखभन्दा बढी व्यक्तिलाई सेवा दिँदै आएको छ, भने तीन लाखभन्दा बढी आँखाको शल्यक्रिया गर्दै आएको छ ।

# सुरक्षित र वैधानिक आप्रवासन नीतिको विस्तारका लागि सुझाव

**काठमाडौं–** महिला अधिकारकर्मीहरूले महिलालाई घरेलु कामदारका रूपमा विदेश जानका लागि वैधानिक बाटो खुलाउन सुझाव दिएका छन् । उनीहरूले विद्यमान कानुनी व्यवस्थामा भिजिट भिसा तथा अवैधानिकरूपमा महिलाहरू घरेलु कामदारका रूपमा गइरहेकाले त्यसलाई व्यवस्थित गरेर कानुनी बाटो खुलाउनुपर्नेमा जोड दिएका हुन् ।

महिला पुनःस्थापना केन्द्र (ओरेक)ले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा सुरक्षित र वैधानिक आप्रवासन नीतिको विस्तारका लागि सुझाव दिएको छ । कार्यक्रममा केन्द्रले घरेलु कामदारका रूपमा वैदेशिक रोजगारका सिलसिलामा मृत्यु हुने महिला र उनीहरूका परिवारको अवस्थाबारे अध्ययन प्रतिवेदन 'जीवन र मृत्युमा अदृश्य' सार्वजनिक गर्दै महिला श्रमिकका लागि सुरक्षित र वैधानिक आप्रवासन नीतिको विस्तारको सुझाव दिएको हो ।

केन्द्रकी कार्यक्रम व्यवस्थापक सुलोचना खनालले विशेषतः खाडी मुलुकहरूमा घरेलु कामदार पठाउन लगाइएको प्रतिबन्ध खुलाउन सुझाव दिइन् । प्रतिबन्धले महिलालाई अनियमित मार्गहरूमा धकेल्ने जसले गर्दा शोषण र दुर्व्यवहारको जोखिम बढेको यस अध्ययनले देखाएको उनले बताइन् ।

केन्द्रले सिन्धुपाल्चोक, झापा, दाङ, सुर्खेत र कर्णाली जिल्लाका मृतकका १५ घटना र हराएका दुई नेपाली महिला आप्रवासी कामदारका परिवारसँग गरिएका कुराकानीका आधारमा प्रतिवेदन तयारी गरेको जनाएको छ । 'आप्रवासीको मृत्युहरूलाई 'दुर्घटना' भनेर सामान्यीकरण गर्ने होइन । यसलाई नीति र प्रणालीगत असफलताको परिणाम भनेर व्याख्या गर्नुपर्छ,' कार्यक्रम व्यवस्थापक खनालले भनिन्, 'नेपालले आप्रवासी श्रमिकको रेमिटचान्स स्वीकृत गर्छ भने, त्यसले तिनको सुरक्षा, जीवन, र परिवारप्रतिको जिम्मेवारी पनि लिनुपर्छ ।'

ब्रुनेल विश्वविद्यालय, लण्डन र केन्द्रद्वारा प्रकाशित यस अध्ययन प्रतिवेदनले सुरक्षित र वैधानिक आप्रवासन नीतिको विस्तारका लागि सुझाव दिएको छ । कामदार वा शवलाई ढिला र भेदभावविना फर्काइने प्रणालीको व्यवस्था गर्न सुझाव दिए । *रासस*

# वीरेन्द्रभक्त पुन: जिब्रो छेडाउन तयार



**भक्तपुर (प्रस)–** यहाँको मध्यपुरथिमि नगरपालिका-४ बालकुमारी निवासी ३८ वर्षीय वीरेन्द्रभक्त श्रेष्ठले यस वर्ष पनि जिब्रो छेडाएर लोप हुन लागेको परम्परालाई निरन्तरता दिने भएका छन् । भाद्र शुक्ल पूर्णिमाको साँझ अर्थात् आगामी भदौ २२ गते इन्द्रजात्राको भोलिपल्ट साँझ जिब्रो छेडेर महादीप बोकेर पशुपतिनाथसम्म पुगेर जात्राको संरक्षणमा योगदान दिँदै आएका उनले यस वर्ष पनि जिब्रो छेड्ने जात्रालाई निरन्तरता दिने बताए ।

केही वर्ष सञ्चालन हुँदै र रोकिँदै आएको जिब्रो छेड्ने जात्रा २०६३ सालदेखि रोकिएर ११ वर्षपछि २०७४ सालमा वीरेद्रभक्तकै अगुवाइमा सुरु भएको थियो । त्यसयता उनले २०७९ र २०८१ सालमा जिब्रो छेडेका थिए । यस वर्ष पनि जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिने उनले बताएका हुन् ।

वि.सं. २०७५ मा बालकराम श्रेष्ठले एकपटक जिब्रो छेडाएको र कोरोना महामारीले रोकिएकोमा २०७९ मा वीरेद्रभक्तले पुनः जात्रालाई निरन्तरता दिएका थिए । मध्यपुर थिमिका कृष्ण नानिचा श्रेष्ठले २०५२, २०५७ र २०६३ मा जिब्रो छेडाएका थिए ।

जात्रामा पाँच लाख रूपैयाँभन्दा बढीको खर्च हुने र नगरपालिकाले सहयोग गरेकोभन्दा बढी रकम जिब्रो छेड्ने व्यक्तिले खर्च गर्नुपर्ने जात्रा संरक्षण समिति संयोजक अर्जुन श्रेष्ठ बताउँछन् । किम्वदन्तीअनुसार प्राचीनकालमा थिमिमा भूतप्रेत र पिशाचहरूको आतंक मच्चाएर जथाभावी मानिस मार्ने गरेपछि यसलाई नियन्त्रण गर्न एक जनाको जिब्रो छेडी नगर परिक्रममा गराइएको र त्यसपछि भूत, प्रेत, पिचास भागेर शान्ति स्थापना भएको भनाइ छ ।

भाद्र शुक्ल पूर्णिमाको साँझ, तेलमा डुबाइएको करिब एक फिट लामो फलामको सियो दिगु भैरव मन्दिरको डबलीमा पूजा गरेर जिब्रो छडेर पुशपतिसम्म यात्रा गर्दै अन्तिममा पुनः बालकुमारी मन्दिर पुगेर सियो निकाल्ने परम्परा छ । जात्रा मनाएपछि नगरमा रोग, अनिकाल, प्राकृतिक विपत्तिबाट जोगिने विश्वास रहँदै आएको छ ।

## Strategic Planning and Annual General Meeting (AGM) of NELTA

**Nepal English Language Teachers' Association (NELTA) cordially invites its members from each branch and province to the Strategic Planning and Annual General Meeting on 13th September 2025 (28th Bhadra 2082). The meeting will be held at Kathmandu Model College, Bagbazzar Kathmandu, starting at 8:00 AM onwards.**

**Your participation is crucial for the continued success of our association. We look forward to your valuable input.**

**For more details:**
**01-4720455, E-mail: ccnelta@gmail.com**


## कुवेतमा रोजगार

कम्पनी : INDUSTRIAL ELECTRICAL PROJECTS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 328422 | चलानी नं. ६०२४२३१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Bar Techinician | 7 | 0 | 170 | ७७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cnc Machnine Operator | 13 | 0 | 170 | ७७,९१० | | | | | | | |
| 3 | Load And Unload Workers | 3 | 0 | 130 | ५९,५८० | | | | | | | |
| 4 | Painting | 2 | 0 | 170 | ७७,९१० | | | | | | | |
| 5 | Welders | 5 | 0 | 170 | ७७,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


## बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेलौरी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र रद्द गरिएको सूचना

**(सूचना प्रकशित मिति २०८२।04।१९)**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८१।०२।२२ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित तपसिल विधुतिय बोलपत्र आव्हानको सूचना सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली, २०६४ तथा मूल्यांकन समितिको मिति २०८२।०४।१९ को निर्णय तथा सिफारिस बमोजिम रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| सि.न. | ठेक्का नं | कामको विवरण |
|---|---|---|
| १. | NCB/GOODS/ 02/2081/082 | Firefighting vehicle 4500 liter tank capacity Belauri municipality |

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**मेथिनकोट अस्पताल**
**भकुण्डेबेशी, काभ्रेपलाञ्चोक**

### सेवा करारमा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८२/04/२०**

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, मेथिनकोट अस्पतालका लागि तोकिएको स्वीकृत दरबन्दी अन्तर्गतमा "**चिकित्सक तथा स्वास्थ्यकर्मी सेवा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७८**" बमोजिम करारमा पदपूर्ति हुनेगरि तपशिल बमोजिमका पदहरूमा १५ (पन्ध्र) दिने सुचना आवहान गरिएको छ । कार्यालय समय भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. स. | वि.न. | पदको नाम | तह | सेवा | समुह | माग पद संख्या | शौक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०८२-०८३ | क.ज. फिजिसियन | नवौं | स्वास्थ्य | मेडिसिन | १ | स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसुचि ६ बमोजिम |
| २. | २/२०८२-०८३ | क. अब्स तथा गाईनेकोलोजिस्ट | नवौं | स्वास्थ्य | अब्स गाईने | १ | |
| ३. | ३/२०८२-०८३ | क. जनरल सर्जन | नवौं | स्वास्थ्य | सर्जरी | १ | |
| ४. | ४/२०८२-०८३ | क. पेडियाट्रिसियन | नवौं | स्वास्थ्य | पेडियाट्रिक्स | १ | |
| ५. | ५/२०८२-०८३ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ज.हे.स. | २ | |

**परीक्षाको किसिम** : अन्तर्वार्ता
**परीक्षा दस्तुर** : १. आठौ तह : १२००/- २.नवौ तह : १५००/-
**परीक्षा दस्तुर बुझाउने** : रा.वा बैंकमा रहेको राजस्व खाता नं. १०००१००२०००१००००
**कार्यालय कोड नम्बर** : ३७००१२६०१३
**राजश्व शिर्षक नम्बर** : १४२२४
**दरखास्त बुझाउने स्थान**: मेथिनकोट अस्पतालमा आएर बुझाउन सकिनेछ साथै यस मेथिनकोट अस्पतालको ईमेल आईडी methinkothospital@gmail.com, methinkothospital@bagamati.gov.np मा पनि इमेल गर्न सकिनेछ ।
**संलग्न गर्नुपर्ने कागजात** : नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रका साथै सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र ।
**दरखास्त दिने अन्तिम मिति** : २०८२/०५/०३ गते सम्म र कार्यालयय समय भित्र, सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र ।
**उम्मेदवारको उमेरको** : सहायक तहको हकमा १८ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको र अधिकृत तहको हकमा २१ वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
**अन्तर्वार्ता हुने मिति** : सम्पर्कमा पछि जानकारी गराईनेछ ।
**तलव सुविधा** : नेपाल सरकारको प्रचलित नियमानुसार ।
**पाठ्यक्रम** : लोक सेवा आयोगले सम्बन्धित पदको लागि तयार गरिएको पाठ्यक्रम बमोजिम ।
**द्रष्टव्य** :
- दरखास्त फारम मेथिनकोट अस्पतालको वेवसाईट www.methinkothospital.bagamati.gov.np मार्फत डाउनलोड गरि फारम भर्न सकिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि मेथिनकोट अस्पताल, प्रशासन शाखा, फोन नं.:- ०११-४०४०९५ मा तथा ९८४३३५८३१० (हेमन्त खनाल) लाई सम्पर्क गरी बुझ्न सकिनेछ ।


## मलेसियामा रोजगार

कम्पनी : TOP GUARDS SECURITY & CONSULTANCY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१९ | LT. No. 322875 | चलानी नं. ६०२३६८९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 150 | 0 | 1700 | ५६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075



## युएईमा रोजगार

कम्पनी : SENTHUR VELAN RAYAN CARPENTRY & FLOORING CONTRACTING L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328408 | चलानी नं. ६०२४२२५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Brick Mason | 2 | 0 | 1200 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer | 3 | 0 | 1500 | ५६,३९५ | | | | | | | |
| 3 | Brick Mason / Mason | 3 | 0 | 1500 | ५६,३९५ | | | | | | | |
| 4 | Plasterer | 3 | 0 | 1500 | ५६,३९५ | | | | | | | |
| 5 | Plumber. | 1 | 0 | 1200 | ४५,११५ | | | | | | | |
| 6 | Reinforce Fitter Assistant | 1 | 0 | 1500 | ५६,३९५ | | | | | | | |
| 7 | Stone Mason | 2 | 0 | 1500 | ५६,३९५ | | | | | | | |
| 8 | Stone Worker | 2 | 0 | 1500 | ५६,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१



## युएइमा रोजगार

कम्पनी : WARDA AL MADINA SUPERMARKET LLC

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328395 | चलानी नं. ६०२४२२९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 70 | 13 | 1000 | ३७,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MARKHAN PAINTING WORKS

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328394 | चलानी नं. ६०२४२२९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scafolder | 15 | 0 | 1500 | ५६,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANPOWER SCAN PVT. LTD.**
Sahitya Marga, Behind Dwarika Hotel, Gaushala-09, Kathmandu, Nepal, Nepal, Tel: 015915369, 5914369
E-mail : info@manpowerscan.com.np, Web: www.manpowerscan.com.np
Govt. License No. 1609/079/080



## MAURITIUS मा रोजगार

कम्पनी : INSITE CONSTRUCTION LTD.

पूर्व स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 328232 | चलानी नं. ६०२४२३१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbender | 35 | 0 | 22300 | ६७,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 35 | 0 | 22300 | ६७,५६० | | | | | | | |
| 3 | Maintenance Technicians | 20 | 0 | 22300 | ६७,५६० | | | | | | | |
| 4 | Mason. | 40 | 0 | 22300 | ६७,५६० | | | | | | | |
| 5 | Plasterer | 35 | 0 | 22300 | ६७,५६० | | | | | | | |
| 6 | Tiles Fixer | 35 | 0 | 22300 | ६७,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



## युएइ/साउदीमा रोजगार

कम्पनी : EFS FACILITIES SERVICES MANAGEMENT L.L.C — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 322829 | चलानी नं. ६०२३६९०००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 29 | 0 | 800 | २९,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAIF MUHAMMAD AL-QAHTANI CONTRACTING EST. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 328421 | चलानी नं. ६०२४२३०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६६,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080



## कतारमा रोजगार

कम्पनी : SUBWAY

पूर्व स्वीकृति मिति : २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 292139 | चलानी नं. ६०२०७३३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1500 | ५६,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 1 | 4 | 1500 | ५६,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# राष्ट्रिय गौरवका आयोजनाको गति बढाऊ

मध्य बर्खाको समयमा पनि तराई–मधेसमा पानीको हाहाकार मच्चिएको अवस्था छ । खानेपानीदेखि सिँचाइका लागि पानी अभाव भएपछि सरकारले मधेसलाई विपद् संकटग्रस्त क्षेत्र नै घोषणा गरिसकेको छ । आकाशेपानीको भर पर्नुपर्ने बाध्यताको परिणाम हो यो । त्यसो त तराई–मधेसको यो समस्या नयाँ होइन । वर्षौंदेखि तराई–मधेसबासीले यो समस्या भोग्दै आएका छन् । यसलाई सम्बोधन गर्न भन्दै सरकारले विभिन्न आयोजना अगाडि बढाएको छ । जसमध्येको एउटा महत्त्वाकांक्षी योजना हो, सुनकोशी–मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना ।

सुनकोशीको पानी सुरुङमार्गमार्फत मरिन खोलामा खसालेर तराईमा सिँचाइ सुविधा पुऱ्याउने आयोजनाको लक्ष्य हो । राष्ट्रिय गौरवको यो आयोजना ४९ अर्ब ४२ करोड ३१ लाख रूपैयाँ लागतमा निर्माण भइरहेको छ । मधेस प्रदेशका बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाको एक लाख २२ हजार हेक्टर अर्थात् एक लाख ८३ हजार बिघा जमिनमा वर्षभर सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य यो आयोजनाको छ । साथै, आयोजनाबाट ३१.०७ मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य छ ।

तराई–मधेसको सिँचाइ, खानेपानी र ऊर्जा उत्पादन समस्याको दिगो समाधानका रूपमा हेरिएको यो आयोजनाको निर्माण कार्य भने अत्यन्त सुस्त छ । निर्माण सम्झौताको सात वर्ष बित्दासमेत हालसम्म करिब ३७ प्रतिशतमात्र काम भएको बताइएको छ । आयोजनाको यो अवस्थाले गम्भीर प्रश्न खडा गरेको छ । अहिले सुक्खा बढिरहेको अवस्थामा यो आयोजनाको औचित्य अझ पुष्टि हुँदै गएको भए पनि निर्माण कार्यमा देखिएको सुस्तताले निराश बनाएको छ ।

आयोजना निर्माणमा हालसम्म १९ अर्ब ३३ करोड ५१ लाख रूपैयाँ बजेटमध्ये १६ अर्ब ५० करोड २७ लाख रूपैयाँ खर्च भइसकेको छ । राज्यको यति ठूलो लगानीबाट समयमै आयोजना सम्पन्न भए यसबाट तुरुन्तै प्रतिफल आउनसक्ने देखिन्छ । तर, ठेकेदारको लापारबाहीले आयोजनाको काम अपेक्षित रूपमा लक्ष्यअनुसार नबढ्दा प्रतिफल होइन, थप क्षतिको सम्भावना बढेको छ । यसमा ठेकेदारको मात्रै होइन, सरकारको पनि कमजोरी छ । समयमै काम सकाउनेगरी ठेकेदारलाई परिचालन गर्ने जिम्मेवारी सरकारको हो । यो जिम्मेवारीमा सरकार चुकेको प्रस्ट देखिन्छ । यदि सरकारले प्रभावकारी काम गरेको भए काम नगर्ने ठेकेदारलाई कारबाही गर्न सक्थ्यो । के कारणले काममा ढिलाइ भइरहेको हो, त्यसको समाधानमा सहजीकरण गरिदिनुपर्नेमा सरकारले त्यो काम गर्न सकेको छैन । जसको परिणाम आयोजनाको सुस्तताले देखाइरहेको छ । यस्ता महत्त्वपूर्ण आयोजनाको काम समयमा सम्पन्न गराउन सरकारले ठेकेदारमाथि थप गर्न जरुरी छ । सुनकोशी–मरिन डाइभर्सनमात्रै होइन, अन्य राष्ट्रिय गौरवका आयोजनाहरूकोसमेत गति बढाऊ ।

# मल्लकालीन वाद्यशिरोमणी ज्ञानसिंह



■ पदम श्रेष्ठ

> दस्तावेजले वाद्यकार नेवारको अस्तित्वलाई उजागर गरेको छ । भक्तपुर न्यातपोल निवासी ज्ञानसिंहले द्याः बाजा बजाउँदा चमत्कार नै देखाउँथे रे देशमा । देशमा प्रचलित हरेक बाजा बजाउनमा खप्पिस भएका भक्तपुरबासी ज्ञानसिंहको यही चमत्कारिक वाद्यवादनबाट प्रभावित भई पाटनका राजा श्रीनिवास मल्लले इबहाल टोलमा घर, खेत पोखरी आदिको व्यवस्था गरी वाद्यशिरोमणि उपाधिसहित बसोबास गराएको बताइन्छ । उनै वाद्यशिरोमणि ज्ञानसिंहले इबहालमा कुलदेवता भैरवसहित ने.सं. ७९४ मा सिगुथि स्थापना गरेको स्पष्ट हुन्छ ।

तत्कालीन समयमा वाद्यवादनमा निपूण ज्ञानसिंहलाई जनस्तरबाट वैकाल र पाटनका राजा श्रीनिवास मल्लले राज्यस्तरीय सम्मान दिँदै वाद्यशिरोमणि उपाधि प्रदान गरिएको थियो । भाषा ज्योति छत्रबहादुर कायस्थले 'वाद्यशिरोमणि ग्यानसिंह व थ्वयकःया सन्तती राम वाद्यकार' लेखनमा भनेका छन्, 'यही वैकाल नै कालान्तरमा नेवार समाजभित्रको एउटा जात वाद्यकार हुन गयो । ज्ञानसिंह वैकाल अर्थात् वाद्यकारको पूर्ण परिचय पाउन नसकिएता पनि पाटन चिबहालमा ने.सं. ७८८ मा स्थापित शिलापत्रमा उल्लेखित छ-वंबलखु चपाल वासि बैकाल ग्यानसिंह भि बाहारस सिगुथि दयेका जुरो (वंविल्खु चपाल निवासी ज्ञानसिंहले इविहारमा मृत्युको गुथि बनाउने कार्य सम्पन्न गरियो) ।'

दस्तावेजले वाद्यकार नेवारको अस्तित्वलाई उजागर गरेको छ । भक्तपुर न्यातपोल निवासी ज्ञानसिंहले द्याः बाजा बजाउँदा चमत्कार नै देखाउँथे रे देशमा । देशमा प्रचलित हरेक बाजा बजाउनमा खप्पिस भएका भक्तपुरबासी ज्ञानसिंहको यही चमत्कारिक वाद्यवादनबाट प्रभावित भई पाटनका राजा श्रीनिवास मल्लले इबहाल टोलमा घर, खेत पोखरी आदिको व्यवस्था गरी वाद्यशिरोमणि उपाधिसहित बसोबास गराएको बताइन्छ । उनै वाद्यशिरोमणि ज्ञानसिंहले इबहालमा कुलदेवता भैरवसहित ने.सं. ७९४ मा सिगुथि स्थापना गरेको स्पष्ट हुन्छ । उनै ज्ञानसिंहका वंशजलाई वाद्यकार थरले नेवार समाजमा पहिचान बनाएको पाइन्छ । ने.सं. ७८८ देखि ने.सं. ७९४ सम्म वैकाल ज्ञानसिंह जीवित रहेको खुल्दछ । उनका दुईवटी पत्नी रत्ना दोंनी र लुकमिनी दोंनीबाट जन्मिएका सन्तती नै वर्तमान नेवार समाजभित्रका दों (डोय) वाद्यकार हुन् ।

## दाफा वादक नेवार दों र सति रानीको श्रापको आख्यान

हुन पनि आदिकालमा राजखलक त्यसपछि मल्लकालमा नै वाद्यशिरोमणिको सम्मानबाट विभूषित वाद्यकारहरूको जनसंख्याचाहिँ उपत्यकामा लोपोन्मुख अवस्थामा छ । यस्तो किन ? भन्ने प्रश्न यही समाजभित्र बेलाबेलामा उठ्ने गरेको पाइन्छ । यही वंशजभित्रको एक जीवित इतिहास समाजसेवी स्व. राम वाद्यकारकी धर्मपत्नी गणेशमाया भन्छिन्, 'राजा भूपतिन्द्र मल्लद्वारा निर्मित न्यातपोल मन्दिरकै दायाँ कुनामा घर भएकी लालमिणि दोंनी (डोय)ले भक्तपुरे राजखलकसँग गन्धर्व विवाह गरी दोनी रानीका नाउँले प्रख्यात भएकी थिइन् । तर, अचानक राजाको देहान्त हुन गएछ । तत्कालीन कानुनअनुसार दोनीरानी लालमणि पनि सति जानुपरे छ तर राजासँग गन्धर्व विवाह गरेको मन नपराएका माइतीखलक डोनी रानी सती जाँदा पनि कोही पनि नआएपछि सती जानुअघि रानीले श्राप दिइछन् ।

न्हंक न मसिमां, न्हना न मवनिमा अर्थात् डोय वंशज हराएरै पनि नजावस, हराभरा हुनेगरी सन्तान पनि नबढोस् । यसरी मनमा माइतीघर पक्षप्रति चित्त दुखाएर सती गएकीले उनै सतीको श्राप डोनी वाद्यकार वंशज, हराएर गएको बताइन्छ । भक्तपुर मुल भए पनि वाद्यकार डोयहरूको भक्तपुरमा हाल एउटा पनि घर छैन, भने उपत्यकाका सबैभन्दा बढी जनसंख्या साँखुमा १० रहेको बताइन्छ । त्यसैगरी राजा श्रीनिवास मल्लद्वारा सम्मानपूर्वक पाटनमा बसोबास गराएका वाद्यशिरोमणि वैकाल ज्ञानसिंहका वंशज घर र कीर्तिपुरमा दुई घरमात्र रहेको राजाराम वाद्यकार बताउँछन् ।

राणा तथा शाहकालमा जातीय विभेदका कारण श्रेष्ठलगायत अन्य जातमा पलायन हुँदै जानु र अन्तरजातीय विवाह परम्परा व्यापक भएपछि पनि डोय जातिको जनसंख्या लोप हुँदै जान थालेको भनाइ छ ।

## कर्णाटकवंशी डोय राज्य सिम्रौनगढ

आख्यानकै रूपमा भए पनि यी समुदायले हामी वाद्यकार नभई आदिकालमा कर्नाटकवंशी डोय (डों) राजखलक भएको तथ्य विस्तारै प्रमाणित हुँदै गइरहेको विभिन्न थ्यासफु र शिलापत्रमा उल्लिखित दस्तावजेबाट प्रमाणित हुन थालेको पाइन्छ । वाद्यशिरोमणि ग्यानसिंहका दुई श्रीमती रत्न दोनी र लुकमणि दोनीको नाउँ र सिगुथी प्रमाणित गर्ने शिलापत्र, कुलदेवता भैरव उल्लेख रहेको दस्तावेज इं.बहालमा रहे पनि त्यो भन्दा अगाडि वा पछाडिको वंशज कतै खुल्दैन तर एक्कासि ने.सं. १०५३ चैत २६ गते जन्मिएका उनै ज्ञानसिंहका वंशज समाजसेवी राम वाद्यकार र उनकी धर्मपत्नी गणेशमाया वाद्यकारले आफू उनै ज्ञानसिंहका सन्तान भएको दाबी गर्दै देखा पर्दछन् ।

पिता हर्षमान र माता नानीमायाँका ज्येष्ठ सुपुत्र राम वाद्यकार डोयले नै आफ्नो वंशजको संरक्षण गर्नुपर्छ भन्दै वंशजहरूबीच छलफल थाल्नुका साथै सिंगुथी व्यवस्थापन अभियान चलाएका हुन् । उनै राम वाद्यकारको वंशज खोजी अभियानबाटै हो, वाद्यकार नेवारहरू वाद्यशिरोमणि ज्ञानसिंह वैकालभन्दा अगाडि राजखलक डोंय अर्थात् सिम्रौनगढका डों भएको थाहा हुन आउँछ ।

## सिम्रौनगढका कर्णाटकवंशी डोय पहिचानमा वाद्यकार

एक समय नारायणी नदीदेखि पूर्व टिस्टासम्म शासन चलाएका कर्णाटकवंशी डोय राजा हरिसिंहदेवको राज्य सिम्रौनगढ (हालको बारा जिल्ला)मा केन्द्रित थियो । सिम्रौनगढ राज्यमा मुस्लिम सुल्तान गयासुद्दिन तुगलकले आक्रमण गरेपछि नेपालका जेठान राजा रूद्र मल्लको शरणमा भक्तपुर रानी देवलदेवीका साथ पुगेको इतिहासमा उल्लेख छ । तर समसुद्धिन गइसकेको भन्ने थाहा पाएपछि सिम्रौनगढ फर्कंदै गर्दा बाटैमा राजा हरिसिंहदेवको पनि देहान्त हुनु र भक्तपुरका दाजु राजा रुद्र मल्लको पनि छोराछोरी नभएको कारण देवलदेवीले नेपालको राजगद्दी आफैंले चलाएको बताइन्छ ।

डोय वंशजलाई उनै हरिसिंहदेवका भाइ भारदार भएको दाबी रहेको पाइन्छ, वर्तमानमा वाद्यकार पहिचानका वंशजहरू । उनै वंशजको एक पहिचानरुपि ज्ञानसिंहलाई पाटनका राजा श्रीनिवास मल्लले कात्तिक नाचमा दाफा बाजा बजाउने गुरुका रूपमा पाटन ल्याइएको बताइन्छ । चमत्कारिक ढंगमा जुनसुकै बाजा पनि बजाउन खप्पिस भएका कारण वैकाल ज्ञानसिंहलाई वाद्यशिरोमणी पदबाट सम्मान गरी पाटनमा बसोबास गराएको हो । उनैका वंशजहरूले वाद्यकार लेखिएको प्रमाणित छ तर वाद्यकारलाई आदिकालमा डोय ठाकुर भन्ने गरेको तथ्य सर्वप्रथम गोपालराज वंशावली ने.सं. २३१ मा उल्लेख छ । वंशावलीमा श्री श्री (जुजु) राजा नरमलदेव तरवारले टाउको छिनाइदिएको उल्लेख पाइन्छ । भने सिम्रौनगढ राज्यका संस्थापक नान्यदेवको नाउँ अगाडि पनि डोय लेखिएको हुन्छ ।

पाटनका राजा श्रीनिवास मल्लले इम्वहालमा घरजग्गासमेत दिई वैकाल वाद्यशिरोणी ज्ञानसिंहलाई बसाउँदा सिंगुथी कुलदेवता भैरव मूर्तिसहित उल्लिखित उनका दुई श्रीमतीको नाउँ पछाडि डोंनी उल्लेख हुनुले वाद्यकार पछिमात्र थर बन्न गएको हो भन्ने दाबी गर्न सकिन्छ ।

## डोय वाद्यकारको संस्कार संस्कृति

गुरूजु (बज्राचार्य) मार्फत आफ्ना सम्पूर्ण कर्मकाण्ड गराउने वाद्यकार नेवारहरूको दिवाली मंसिरको वालाचर्तुदसीमा गरिन्थ्यो तर हाल दाजुभाइ छुट्टिँदै गएपछि पाँहाचह्रे घोडेजात्राका बेला गरिन्छ । अन्य नेवारहरूको जस्तो छुट्टै सिंगुथि मसानघाट नभएका वाद्यकार डोयहरूको अन्य नेवारकै जस्तो जन्म धौ वजीनक वनेगु, इंही, बाह्रा, छोराको कयतापूजा, शिक्षा, इहिपा (विवाह), जंकु र मृत्युकर्म ।

सबै नेवार समाजसँग मिल्ने गर्दछ । विवाहपछि वञ्जला जवाने मृत्युको बेला १३ दिनमा घसु, दकिला वार्षिकी, निदंथिति सबै श्रेष्ठ नेवारसँग मिल्दछ तर आफूलाई नेवारभित्रको छुट्टै भनी पहिचान बनाएर रहेका छन्, वाद्यकारहरू ।

श्रम सरोकार

## विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालनलगायत)मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।




✍ बैकुण्ठ भण्डारी



# ठिमाहा सरकार ! बहुविवाह ?

'सेतो महलभित्र 'बुरुक बुरुक' उफ्रिने भेडासिंह र सामाजिक सञ्जालमा भ्याँऽ भ्याँ गर्ने अनेक थरिका अधिकारकर्मी उस्तैउस्तै हुन् ।' क्यार्न कराउँछन् ? भन्दै फनिन्द्र काका भतिजो विशाललाई सम्झाउँदै थिए । विशाल भन्दै थियो, 'भेडासिंहहरूलाई भ्याँऽ भ्याँऽ गर्नबाहेक के आउँछ र ? त्यसमाथि पनि हरियो पत्ताको भरमा पाँचतारेमा बसेर नीति बनाउनेहरूले जसोजसो गरेको त्यही ठीक भन्ने भेडासिंहरूलाई अहिले भ्याँ भ्याँ गर्नुको पनि अर्थ होला र ?'

फनिन्द्र काकाले भने, 'नेपालको कानुन जसले बनाउँछ उसैले जानून् भन्ने उक्ति कहाँ त्यसै बनाका होलान् र ?' सबै हरिया पत्ताका भरमा छन् ।

कानुन अर्काले बनाइदिन्छ, नियम अर्कालाई बनाइदिन्छ अनि त्यसैले ठीक छ भन्दै सेतो घरमा उफ्रने भेडासिंहबाट त के आशा लिने हो र !

'ठीक भनिस् तैंले,' फनिन्द्र काकाले विशाललाई समर्थन गरे । यति ठूलो ठिमाहा सरकार छ । अब ठिमाहा सरकारले बनाएको ऐन कानुन त ठिमाहाजस्तै नहोला नि ? पक्कै राम्रै होला ।

हुन त होला तर खै के होला भन्नेमात्र हो काका । देश बिगार्ने एउटा विष वृक्ष रोप्ने काम भएको हो कि भन्ने आशंका पो गर्छन् त । बिहान उठ्नेबित्तिकै आँखाका चिप्रा कोटचाउँदै सात समुद्र पारीबाट यो विकास भएन र त्यो भएन भन्दै जन्मभूमिलाई गाली गर्दै पश्चिमाहरूको संस्कार भित्र्याउनेहरू ।

देशलाई संकट पर्दा देश छाडेर भाग्ने ? विदेशीसँग विवाह गरेर सेतो घरभित्र रजगज गर्ने भेडासिंहहरूको त कुरै नगरौं काका सव परिचालित हुन् । नेपाल सम्बन्धबिच्छेद कसले बढायो ? त्यही ढोंगीहरूले ।नेपालीको मिलेर बसेको घर आँगन कसले उजाड गरायो भन्दा त्यही ढोंगीहरूले । बुझ्नु भो नि ?

किन नबुझ्नु उहिल्यै नै बुझेको हो नि ! बुझेर के गर्नु बुझ्नुपर्नेहरूले त्यही हरियो पत्तामा आफूलाई बेचिदिएपछि ! आफ्नो संस्कार र सभ्यता नै अरुका निम्ति बेच्न तयार भएका ठिमाहाहरूले जे पनि गर्न सक्छन् ।

'कोही धर्म बेच्छन् ! कोही संस्कार र सभ्यता बेच्छन् ! कोही मान्छे बेच्छन् ती बेच्नेहरू त्यही सेता घरभित्र बसेर भ्याँ भ्याँ गर्ने भेडासिंहरू नै हुन्,' काकाले थपे ।

'बेचे काका बेचे । मिल्ने भए देश नै बेच्थे । त्यही भएर होला अहिले बहुविवाहको कुराको जालो हालेका छन् । विदेशीले बनाइदिएका कानुन । उसैको योजनामा चलेको कानुनी संस्था अधिकारकर्मीहरूको जालो अनेक तिकडम गर्ने सञ्जालले मुलुक रित्याउने भयो,' विशालले भन्यो ।

काकाले विशालको कुरामा सहमत जनाए । 'ठीकै छ कहिले अंशका कुरा, कहिले वोक्सीका कुरा कहिले न्यायका कुरा यस्तै यस्तै भन्दै पेट पाल्नेहरूलाई के भन्नु छ र ?

थाहा छ नि काका अस्तिन तिर एउटा अभियान नै चलाएका थिए नि । 'मिटु' साँच्ची त्यो कहाँ पुग्यो ? उसले सोध्यो ।

काकाले हाँस्दै भने, त्यो जताबाट आएको थियो उतै गयो । कुरा मिलुञ्जेल 'वीटु' हुन्थ्यो । अनि कुरा नमिलेपछि 'मिटु' । बच है केटा बच । बेला खराब छ, साँच्चिकै अन्याय परेकाले चेलीले कहिल्यै न्याय नै पाएनन् । 'वीटु-मिटु' मा बस्नेहरूले के के भ्याए भ्याए ।

विशालले भन्यो, 'मैले अलि कुरा बुझिनँ काका ।'

'तैंले के बुझ्थिस् त ? हाम्रा देशमा छिमेकी देश भारतमा चलेको मिटु अभियान जब सुरु भयो त्यसबेलादेखि नै सम्बन्धबिच्छेदको संख्या बढ्यो । साँच्चिकै सम्बन्धबिच्छेद गर्नुपर्ने अवस्थामा रहेको चेलीले केही पाएनन् । देखासिकी र कानुनी सहारामा सम्पत्ति हडम्ने एक थरिहरूले धेरैलाई घरबहारविहीन बनाइदिए क्या ! बुझिस् ?'

'ए... त्यस्तो हो है काका ? उसले नबुझेको जसरी सोध्यो । मैले त्यसबेला पनि भनेको थिएँ । साँच्चै कि पीडित चेलीले न्याय नपाउने अनि नक्कली पीडितले सम्पत्ति हसुर्ने प्रवृत्ति आयो भनेर । अब अहिले त्यस्तै देखापर्न थालेको छ,' काकाले विशाललाई स्पष्ट बुझाउने प्रयास गरे ।

'सुन तिमीजस्तै सबै बुज्रुकहरूले अनि सेतोघरका भेडासिंह हुन् कि सामाजिक सञ्जालका स्यालहरू । हरियो पत्ताका बाह्र हात उफ्रनुभन्दा जो पीडित छ उसका कारण हजारौं केटाकेटीहरू अनागरिक बनेका छन् । त्यस्तालाई न्याय देऊ । पुरुष हुन् कि महिला । अहिले आफ्नो कर्तव्य विर्सेर मर्यादा भुलेकै कारण समस्या आको छ । यस्ता दुवैलाई कठघरामा उभ्याउने कानुन बनाऊ न कि पुरुष मात्रै दोषी हो भन्ने होइन ।'

हुन त अहिले ठिमाहा सरकार छ । यस्तो सरकारले के बुझ्ला र ? ठिमाहा सरकारको ध्यान त उही बहुविवाहको बढोत्तरीतिर छ । तीन वर्षमा तीन सन्तान जन्माउने अर्ती दिने प्रधानमन्त्री छ । भ्रष्टाचार, अन्याय अत्याचारका कारण एक सन्तानलाई पालन पोषण गर्न नसक्ने नागरिकहरूलाई तीन बर्षमा तीन वटा बच्चा जन्माउने अर्ति दिनेबाट के सिक्लान् ?

देशमा ठिमाहा सरकारले छ । निसन्तानका लागि सन्तान भन्दै खुल्लम खुला व्यापार गर्न दिने, सुरक्षित गर्भपतनका नाममा युवतीहरूलाई गर्भपतन गराउन उत्साहित गर्ने पसल सञ्चालन बन्द नभएसम्म ठिमाहाबाट अपेक्षा गर्नु नालायकीपन हो ।

'काकाको कुरा सुनेर मत अलमल्ल भएर झलमल्ल भाको छु ।' उसले सोध्यो, यसो भएन त्यसो भएन भन्दा पनि गर्नुपर्ने चाहिँ के हो त ? त्यो पनि भन्नोस् त काका ।'

'केही गर्नु पर्दैन ? सम्बन्धबिच्छेद गरेर सम्पत्ति लिएर जानेलाई अर्को विवाह गरेमा सम्पत्ति जफत गर्ने ? र, थप दण्ड जरिवाना गर्ने हो भने सबैको टण्टै साफ !!



**जल चढाउँदै भक्तजन** | मोरङको सुन्दरहरैँचा नगरपालिकाको गोठगाउँस्थित श्री शिव पाञ्चायन मन्दिरमा साउनको तेस्रो सोमबार भगवान् शिवको पूजा आराधना गरी जल चढाउँदै भक्तजन । *तस्बिरः मणिराम दाहाल/रासस*

# स्नान गर्न भक्तजन गोसाइँकुण्डतर्फ

**रसुवा (प्रस)–** पुत्रदा एकादशी पर्वका अवसरमा पवित्रतीर्थ गोसाइँकुण्ड स्नानका लागि सयौ भक्तजन सुलाद्री पर्वतको आरोहण गरिरहेका छन् । एकादशीका दिन बाँझोपन भएका महिला/पुरूषले एकसाथ स्नान गरी कुण्डमा पूजाआराधना गर्दा भगवान् शिवको आशीर्वादले सन्तान प्राप्त हुने मान्यता रही आएको छ ।

अञ्जानमा गरेका सबै पाप मोक्ष हुने धार्मिक विश्वासका साथ भक्तजन पुत्रदा एकादशी पर्वदेखि जनैपूर्णिमा दिनसम्म विशेष पर्वको अवसरमा निलाद्री पर्वतमा विराजमान रहेका भगवान् शिवको दर्शन गर्ने चलन छ । समुद्र सतहदेखि चार हजार ३८० मिटरको उचाइमा रसुवामा रहेको पौराणिक एवं धार्मिक कुण्डमा स्नान तथा पुजा गर्ने चलन छ ।

पुर्णिमाको दिनसम्म यस वर्ष पनि १५ हजार तिर्थालुले पवित्रकुण्डको स्नान गर्ने अनुमान गरिएको गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जिव डिएमले जानकारी दिए । पुत्रदा एकादशी पर्वमा गोसाइँकुण्ड स्नानका लागि ५०० भन्दा बढी भक्तजन सोमबार नै लौरीविनायकको उज्यालो चढ्दै गरेको, भक्तजन आउने क्रम जारी रहेको, कुण्डमा स्नान गरेपछि शरीरको चिसोपन हटाउन, धुञ्चेका युवा समूहमार्फत निःशुल्क तातोपानीको व्यवस्था मिलाइएको, धुञ्चेदेखि खन्तिसम्म बाटोको सरसफाइ, धार्मिक मार्गमा खानेपानीको व्यवस्थापान, ठाउँठाउँमा अस्थायी आवास थर्कुको व्यवस्थापन, गोसाइँकुण्ड, बुद्वमन्दिर चोलाङपाटी चन्दनवारी, देउराली तिवारी बगर र धुञ्चे क्षेत्रमा सबै यात्रुलाई उपचार आवश्यक पर्ने पूर्वाधारका सबै व्यवस्था मिलाइएको अध्यक्ष डिएमले जानकारी दिए ।

कार्यतालिकाबमोजिम गोसाइँकुण्डमा हिमालय उद्वार संघ, पञ्चधाम समिति, ग्रिनसिटी अस्पताल, गोसाइँकुण्ड गाउँपालिका र अन्य स्थानमा जिल्ला आयुर्वेदिक औषधालय, नेपाली सेनाले यात्रुलाई उपचारको सेवा दिने समितिले जनाएको छ । गोसाइँकुण्ड जाने सबै तीर्थयात्रुको सुरक्षाका लागि बेत्रावतीदेखि गोसाइँकुण्डसम्म सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले बताए । प्रहरी नायव उपरीक्षक हेमबहादुर मल्लले गोसाइँकुण्डमा स्नान गर्दा एकापसमा बलियोसँग हात समाएरमात्र डुबुल्की मार्न सबै यात्रु समक्ष आग्रह गरे ।

### गोताखोरको व्यवस्था गर्न माग

जनैपूर्णिमा पर्वका अवसरमा पवित्र तीर्थ गोसाइँकुण्डको स्नान एवं पूजाआजा गर्न आउने भक्तजनको सुरक्षाका लागि गोताखोर परिचालन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । यही साउन ११ गते मोरङका दुई युवा डुबेको घटनाबाट पाठ सिकी गोसाइँकुण्डमा डुंगासहित गोताखोर परिचालन गर्नुपर्ने आवाज उठेको हो ।

रसुवा जिल्लास्थित नागरिक समाजका अगुवासम्मिलित एक टोलीले सशस्त्र प्रहरी बलको प्रधान कार्यालय हलचोक पुगेर तीर्थयात्री तथा स्थानीय जनताको रक्षाका लागि गोताखोरको व्यवस्था गरिदिन जोडदार माग गरेको छ । जनैपूर्णिमा पर्वका अवसरमा हरेक वर्ष साउनको एकादशीदेखि नै पवित्र कुण्डमा तीर्थयात्रीले स्नान गरी पूजाआजा गर्ने परम्परा रहेको सन्दर्भमा सम्भावित दुर्घटनाबाट हुनसक्ने जनधनको क्षतिबाट जोगाउन आकस्मिक उद्धारका लागि गोताखोरको व्यवस्था गरिदिन सशस्त्र प्रहरी बलसमक्ष नागरिक समाजको तर्फबाट आग्रह गरिएको हो ।

अग्लो स्थानमा अवस्थित कुण्डको पानी अत्यन्त चिसो रहेको र कुण्ड परिसरको केही भागको छेउमा नै गहिरो भएकाले सम्भावित दुर्घटनाबाट हुने क्षतिबाट जोगिन डुंगासहित गोताखोर आवश्यक भएको टोलीले बताएको छ । यसअघि त्रिशूली नदीको दोभान बेत्रावतीमा सशस्त्र प्रहरीले डुंगासहित गोताखोरको व्यवस्था गरेजस्तै गरी गोसाइँकुण्डमा पनि गोताखोरको व्यवस्था गर्न अनुरोध गरिएको नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङले बताए ।

यसैगरी गोसाइँकुण्डमा भक्तजन डुब्ने, बाटोमा पर्ने जंगल क्षेत्रमा हराएर यात्रीले दुःख व्यहोर्नपर्नेलगायतका समस्या समाधानका लागि दीर्घकालीन कार्ययोजनासहित लांटाङ राष्ट्रिय निकुञ्ज र गोसाइँकुण्ड क्षेत्र विकास समितिले आवश्यक पहल गर्नुपर्ने ठूलोभार्खुका फूर्पाठिले तामाङ बताउँछन् ।

पवित्र गोसाइँकुण्डमा परापूर्वकालदेखि नै स्वस्तर्फूत ढंगबाट निरन्तररूपमा चल्दै आएको धार्मिक तथा पर्यटकीय यात्राको जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि सरकारी तहबाटै आवश्यक नीति तयार गरी जनताको जिउधनको सुरक्षा गर्नुपर्ने माग स्थानीयवासीले गर्दै आएका छन् ।

# बलान नदीको कटानले सुन्दरपुर बस्ती जोखिममा



**सिरहा–** सिरहाको लहान नगरपालिका-४ स्थित बलान नदीको कटानले सुन्दरपुर र इस्लामपुरका मुस्लिम बस्तीहरू डुबानको जोखिममा परेका छन् । नदी कटान तीव्र बन्दै गएकाले सुन्दरपुरका ४५ र इस्लामपुरका ३० घरधुरी अहिले बाढीको चपेटामा छन् ।

साना-साना झुपडीसहितका बस्ती नदीको किनारमै छन्, जहाँ कटानको दूरी अब पाँच मिटरमात्र बाँकी रहेको स्थानीयवासी बताउँछन् । शनिबार राति परेको लगातारको वर्षाले बलान नदीमा आएको बाढीले कटान झनै तीव्र बनाएको छ । बस्ती छेउमै रहेको खुट्टी खोलासँगको दोभान क्षेत्रसमेत कटानमा परेको छ ।

स्थानीय मेहम्मद हुसेन अन्सारीका अनुसार बस्तीका बासिन्दा बाढीको त्रासमा रातभर निदाउन सकेका छैनन् । 'हिजो रातभरि उठेर खोला हेर्दै बसियो । कतिबेला बाढी बस्ती छिर्छ र डुबाउँछ भन्ने चिन्ताले निदाउन दिएन । चार वर्षदेखि यही समस्या झेल्दै आएको छौं,' उनले भने, 'नदीको मूल भंगालो पश्चिमतिर गएकाले अलि राहत भएजस्तो देखिएको थियो तर जुनसुकै बेला फेरि पूर्वपट्टि फर्किएर बस्ती नै बगाउन सक्छ ।'

स्थानीय मोहम्मद एफ्रोज पनि बाढीले चिन्तित छन् । उनले भने, 'नदीको मुखैमा मेरो घर छ । थोरै बहाव बढ्यो कि मन अत्तालिन्छ । शनिबार राति पनि सुत्न सकिएन । साना बालबच्चा छन्, छोडेर कहाँ जानु ? रातभर नजिकैको मदरसा पुगेर जाग्राम बस्नुपर्ने अवस्था सुरु भइसकेको छ ।'

अघिल्लो वर्ष पनि यस क्षेत्रमा बाढी पसेको थियो । नगरपालिकाले तीन दिनसम्म बस्ती खाली गराई सुरक्षित स्थानमा सारेर खाने बस्ने व्यवस्था गरेको थियो । तर, स्थायी समाधान नहुँदा समस्या दोहोरिँदो छ । वडाध्यक्ष रामनाथ पण्डितका अनुसार बस्ती जोखिममुक्त बनाउन स्थायी समाधान दिने उद्देश्यले जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय सिरहाबाट विनियोजित २५ लाख रूपैयाँको योजना भए पनि काम पूरा हुन नपाएको जानकारी दिए ।

उनले भने, 'उक्त बजेटमध्ये १५ लाख रूपैयाँको मात्र काम भएको छ । त्यो पनि असार सकिनै लाग्दा हतार हतारमा गरिएको थियो । ठेकेदारले बीचमै काम छोडेर हिँड्दा बाँकी रकम फिर्ता हुन गयो ।' नदी नियन्त्रणमा त्यति काम पर्याप्त नभएको वडाध्यक्ष पण्डितको भनाइ छ ।

बलान नदीले बस्ती कटान गर्दै अगाडि बढेमा करिब ५०० मिटर तर रहेको पूर्व-पश्चिम राजमार्गअन्तर्गतको पुलसमेत जोखिममा पर्ने सम्भावना छ । बस्ती कटान भएपछि नदीले स्वरूप परिवर्तन गर्न सक्ने र संरचना जोखिममा पार्ने खतरा रहेको स्थानीयको भनाइ छ । यसबाट लाखौं खेतीयोग्य जमिनसमेत कटानको चपेटामा पर्ने छ ।

नदी नियन्त्रण शीर्षकमा बजेट नहुँदा पनि विपद् व्यवस्थापन कार्यक्रममार्फत केही रकम व्यवस्थापन गर्ने योजना रहेको नगरप्रमुख महेशप्रसाद चौधरीले बताए । बाढीले क्षति पुर्‍याउने अवस्था आएमा मानवीयताका आधारमा प्रभावित बस्तीलाई सुरक्षित स्थानमा सारिने उनले जानकारी दिए । नगरप्रमुख चौधरीले बलान नदी नियन्त्रणका लागि प्रदेश तथा संघीय सरकारबाट सहयोगको अपेक्षा व्यक्त गरे । उनले भने, 'हामी प्रदेश र संघीय सरकारसँग समन्वय गरी दीर्घकालीन समाधानका लागि पहल गरिरहेका छौं । जनताको सुरक्षालाई प्राथमिकता दिनु हाम्रो दायित्व हो ।' *रासस*

# हलेसीमा माइक्रो दुर्घटनाः एक जनाको मृत्यु, १७ घाइते

**खोटाङ (प्रस)–** जिल्लाको हलेसी तुवाचुङ नगरपालिका-१बाहुनीडाँडास्थित डौंठेखोलामा भएको माइक्रोबस दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने १७ जना घाइते भएका छन् । त्रिधार्मिकस्थल हलेसी दर्शन गरेर सोमबार बिहान सिरहाको गोलबजारतर्फ फर्किंदै गरेको प्रदेश २-०१-००१ ज ००५३ नम्बरको माइक्रोबस अनियन्त्रित भइ सडकदेखि करिब २०० मिटर तल खसेको थियो ।

दुर्घटनामा परी सिरहा नराह गाउँपालिका-५ निवासी २८ वर्षीया ममतादेवी यादवको मृत्यु भएको हो । दुर्घटनाग्रस्त माईक्रोबसभित्रै च्यापिएकी ममतादेवीलाई उपचारका लागि उदयपुरको कटारी अस्पताल पुर्‍याइएकामा अस्पतालले मृत घोषणा गरेको हो ।

घाइते हुनेमा सोही स्थानका ७० वर्षीय राजु यादव, ४९ वर्षीया सरितादेवी ठाकुर, ३२ वर्षीया सविताकुमारी यादव, ४० वर्षीया मिथिलाकुमारी यादव, ३० वर्षीया पुनम यादव, ३२ वर्षीया लक्ष्मी शर्मा, ३२ वर्षीय नदिन शर्मा, झालुदेवी यादव र सोही गाउँपालिकाको वडा नं. २ चन्द्र अयोध्यापुरका ५७ वर्षीय धनेश्वर यादव तथा धनुषाको सबेला नगरपालिका-४ पटेर्वा निवासी ७९ वर्षीय दुर्योधन यादव रहेका छन् । उनीहरू सबैजनालाई प्राथमिक उपचारपछि थप उपचारका लागि एम्बुलेन्समार्फत राष्ट्रिय ट्रमा सेण्टर काठमाडौंपठाइएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायब उपरीक्षक प्रतीक विष्टले जानकारी दिए ।


## कुवेतमा रोजगार

कम्पनी : TASTE WHEAT RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/0८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 307871 | चलानी नं. ६०२२२५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Chef Assistant | 5 | 0 | 130 | ५९,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 0 | 5 | 130 | ५९,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## ऋणी प्रयास होटल प्रा.लि.का अख्तियार प्राप्त व्यक्ति नेत्र जंग थापालाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८२/०४/२०

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरणः
नामः प्रयास होटेल प्रा.लि., ठेगानाः सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६, सिन्धुली, अख्तियार प्राप्त व्यक्तिः नेत्र जङ्ग थापा, दर्ता नं. १५३७७७/०७३/०७४, दर्ता मितिः २०७३/०४/२७, पान नं.: ६०४३०४३८४, पान दर्ता मितिः २०७३/१०/१७, कर्जाः व्यापारिक ।

सूरक्षण वापत धितोको विवरण
१. नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई दर्ता नं. १५३७७७/०७३/०७४, पान नं.: ६०४३०४३८४, प्रयास होटल प्रा.लि.को नाममा मालपोत कार्यालय सिन्धुली जिल्ला शिद्धेश्वर गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६क को कि.नं. १६ को क्षेत्रफल ०-०-१८-१ र कि.नं. १७ क्षेत्रफल ०-१-७-३ को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।
२. चन्द्र मान थापाको बुहारी सिंह ध्वज कार्कीको छोरी दिर्घ बहादुर थापाको एकाघरकी श्रीमती सिन्धुली जिल्ला शिद्धेश्वर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ धर्म कुमारी थापाको नाममा मालपोत कार्यालय सिन्धुली जिल्ला शिद्धेश्वर गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६क कि.नं. ३७७४ को क्षेत्रफलः ०-२-६-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।
३. चन्द्र बहादुर थापाको नाति दिर्घ बहादुर थापाको छोरा सिन्धुली जिल्ला शिद्धेश्वर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ बस्ने भुपाल बिक्रम थापाको नाममा मालपोत कार्यालय सिन्धुली जिल्ला शिद्धेश्वर न.पा. वडा नं. ६ नक्सा सिट नं. ६क को कि.नं. २६३२ को क्षेत्रफलः ०-१९-०-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।
४. चन्द्र मान थापाको बुहारी सिंह ध्वज कार्कीको छोरी दिर्घ बहादुर थापाको एकाघरकी श्रीमती सिन्धुली जिल्ला शिद्धेश्वर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ धर्म कुमारी थापाको नाममा मालपोत कार्यालय सिन्धुली जिल्ला शिद्धेश्वर गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६क कि.नं. ४५२० को क्षेत्रफलः ०-१-७-१ को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।
५. यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) धनी भई ऋणी प्रयास होटेल प्रा.लि.को नाममा यतायात व्यवस्था कार्यालय बागमती अञ्चलमा दर्ता कायम रहेको, दर्ता नं.: PRADESH–3-01-023 CHA 0947, TOYOTA RUSH, थान-१, इन्जिन नं.: 2NRF806641, च्यासिस नं.: MHKE8FA200K000193, बनेको सालः २०१९

व्यक्तिगत जमानीकर्ताः
१. नामः नेत्र जंग थापा, ठेगानाः सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने, बाबुः भुपाल बिक्रम थापा, बाजेः दिर्घ बहादुर थापा, ना.प्र.नं. १३४२३, जारि मितिः २०५६/०३/०७, जि.प्र.का. सिन्धुली ।
२. नामः धर्म कुमारी थापा, ठेगानाः सिन्धुली जिल्ला शिद्धेश्वर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला कमलामाई वडा नं. ६ बस्ने, बाबुः सिंह ध्वज कार्की, ससुराः चन्द्र मान थापा, पतिः दिर्घ बहादुर थापा, ना.प्र.नं. १६८६६/७९००, जारी मितिः २०४६/११/०१, जि.प्र.का. सिन्धुली ।
३. नामः भुपाल विक्रम थापा, ठेगानाः सिन्धुली जिल्ला शिद्धेश्वर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला कमलामाई वडा नं. ६ बस्ने, बाबुः दिर्घ बहादुर थापा, बाजेः चन्द्र बहादुर थापा, ना.प्र.नं. ६६/३९५९, जारी मितिः २०४२/०६/२१, जि.प्र.का. सिन्धुली ।
४. नामः सिर्व जंग थापा, ठेगानाः सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने, बाबुः भुपाल बिक्रम थापा, बाजेः दिर्घ बहादुर थापा, ना.प्र.नं.: ८५९/२७५८३, जारी मितिः २०५९/०९/२३, जि.प्र.का. सिन्धुली ।
५. नामः उर्मिला थापा, ठेगानाः सिन्धुली जिल्ला शिद्धेश्वर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला कमलामाई वडा नं. ६ बस्ने, बाबुः लोक बहादुर कार्की, ससुराः दिर्घ बहादुर थापा, पतिः भुपाल विक्रम थापा, ना.प्र.नं. ८६०, जारी मितिः २०३८/१०/२६, जि.प्र.का. सिन्धुली ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •


# प्रदेश अस्पतालमा एकैपटक १२ वटा प्रयोगशाला



**पर्वत–** यहाँको प्रमुख स्वास्थ्य संस्थाका रूपमा रहेको प्रदेश अस्पताल पर्वतमा एकैपटक १२ वटा प्रयोगशाला सञ्चालनमा ल्याइएको छ ।

अब बिरामीले आधुनिक प्रविधिबाट स्वास्थ्यसम्बन्धी समस्याको प्रयोगशाला परीक्षण यहीँबाट गर्न सक्ने भएका छन् । हालसम्म उपलब्ध परीक्षणसम्बन्धी सेवा पर्याप्त नहुँदा आधुनिक र थप परीक्षणका लागि पोखरा वा अन्य ठाउ जानुपर्ने बाध्यता अब हटेको अस्पतालले जनाएको छ । अस्पतालमा हालै थपिएका प्रयोगशालासम्बन्धी सेवाले धेरै बिरामीलाई जिल्लाकै उपचारले थप राहत प्रदान गर्ने भएको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. हेमन्त बाँस्तोलाले बताए ।

उनका अनुसार नयाँ थप गरिएका परीक्षण सेवामा भिटामिन डी, भिटामिन बी-१२, पीएसए, बी-एचसीजी, एण्टी टिपिओ, आइरन प्रोफाइल, एएनए, एण्टी डिएसडिएनए, फेरिटिन, सिआरपी क्वाण्टिटेटिभ, आरए क्वाण्टिटेटिभ तथा रेटिकुलोसाइट काउण्टजस्ता विश्लेषणात्मक परीक्षण समावेश गरिएका छन् ।

यी परीक्षणबाट विशिष्ट स्वास्थ्य समस्याको पहिचान गर्न सहज हुने अस्पतालले जनाएको छ । यस सुविधामार्फत कुश्मा तथा आसपासका जिल्लाका सर्वसाधारणले उपत्यका वा अन्य सहर जानुपर्ने झण्झटविना अत्याधुनिक प्रयोशाला परीक्षण सेवा सुलभरूपमा प्राप्त गर्न सक्ने भएका छन् । *रासस*

# विपद् व्यवस्थापनमा सक्रियता बढाउँदै सशस्त्र प्रहरी बल

**रौतहट–** जिल्लास्थित सीमा क्षेत्रमा हुने अनियमित एवं गैरकानुनी गतिविधि रोक्न, विपद्जन्य घटनामा उद्धारसहित राहत वितरण गर्न र सवारीसाधन दुर्घटनामा परेकाको उद्धार गर्न सशस्त्र प्रहरी बल सक्रियरूपमा परिचालित भएको छ ।

सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतले पछिल्लो साढे पाँच महिनाको अवधिमा सीमा क्षेत्रमा हुने अवाञ्छित गतिविधि रोकेको र विपद्जन्य घटनामा उद्धार तथा राहत वितरणमा सक्रिय भएको जानकारी दिए । जिल्लाका विभिन्न ४० स्थानमा भएका आगजनीका घटनालाई नियन्त्रणमा लिएको उनले बताए ।

'सशस्त्र प्रहरीले विपद्सँग जुध्ने खालका गतिविधिमा सक्रियतापूर्वक काम गर्दै आइरहेको छ,' उनले भने, 'साढे पाँच महिनाको अवधिमा खोलाले बगाएर हराइरहेका आठ जनाको शव फेला पारेर सम्बन्धितका आफन्तलाई बुझाएका छौं ।'

प्रमुख बस्नेतले पछिल्लो समय जिल्लाको विपद्मा ५८० जना सशस्त्र प्रहरी कर्मचारी परिचालन गरेर विपद् व्यवस्थापन कार्यमा सक्रियता देखाउँदै आएको जानकारी दिए । सशस्त्र प्रहरीले शनिबार चन्द्रपुर नगरपालिका-१ नुनथरस्थित बागमती नदीमा डुबेका एक भारतीय युवाको शव आफन्तलाई जिम्मा लगाएको छ । मादकपदार्थ सेवन गरी सो नदीमा हराइरहेका बिहार खगडियाग्राम पछौरा-२ का ३० वर्षीय रोहितकुमार सिंहको शव निजको आफन्तलाई जिम्मा लगाएको सशस्त्र प्रहरी बल जिल्ला प्रमुख बस्नेतले जानकारी दिए ।

त्यस्तै सशस्त्र प्रहरीले गत साउन ९ गते बागमती नदीमा बेपत्ता भएका बिहार मुतहीका पवनकुमार साह र घुरघुराका नीतिसकुमार राउतको शव फेला पारी आफन्तलाई जिम्मा लगाएको पनि उनले जानकारी दिए । यसैबीच रौतहटको ईशनाथ नगरपालिकाका किसान शेख जाफिरको विद्युतीय करेण्ट लागेर निधन भएका छ । *रासस*

प्रभाव दैनिक

रूपशाला

## 'मोहर' सेन्सर पास

आगामी शुक्रबार अर्थात् साउनको २३ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'मोहर' सेन्सर पास भएको छ । आइतबार भएको फिल्मको सेन्सरमा चलचित्र सेन्सर बोर्डले फिल्मलाई 'पीजी सर्टिफिकेट' दिएको छ । अब यो फिल्म हेर्नका लागि १६ वर्ष मुनिका बालबालिकाले बाबुआमाको साथमा हल पुग्नुपर्नेछ । फिल्मलाई सेन्सरले कुनै पनि दृश्य काट बिना 'पीजी सर्टिफिकेट' दिएको निर्माता चुम्बनजंग शाहीले बताए । फिल्ममा पल शाह, नीति शाह, बेनिशा हमाल, अर्जुनजंग शाही, लक्ष्मी गिरी, सारा शर्मा, रवीन्द्र झालगायतका कलाकारहरूको अभिनय छ ।



मंगलबार, २० साउन, २०८२ (Tuesday, 05 August 2025)

# 'मेरो भ्वाइस र मेरो डान्स युनिभर्सले नेपाली संस्कृति विश्वभर विस्तार गरेको छ'

■ प्रभाव संवाददाता



**काठमाडौँ–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपाली संस्कृतिको दायरालाई विश्वभर विस्तार गर्न टेलिभिजन रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'ले सघाइरहेको बताएका छन् । मन्त्रालयमा दुवै रियालिटी शोका शीर्ष १० मा पर्न सफल प्रतिभाहरूसँग अन्तरक्रिया गर्दै मन्त्री पाण्डेले नेपाली संस्कृतिलाई पहिचान र पर्यटनसँग जोडेर गीत-सङ्गीत र नृत्यकलाको माध्यमबाट नेपालीपन प्रवर्द्धन गर्ने कार्यमा 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' ले निकै अर्थपूर्ण योगदान पुऱ्याइरहेको बताएका हुन् ।

नेपाल टेलिभिजनमा प्रसारण हुने यी दुवै रियालिटी शो गैरनाफामुखी सामाजिक संस्था इन्ट्रा फाउन्डेसनले निर्माण गरेको हो । हाल दुवै शोको सिजन-२ जारी छ । मन्त्री पाण्डेले 'मेरो डान्स युनिभर्स' सिजन-१ का विजेता थाइल्याण्डका नेपाली प्रतिभा खुसी कार्कीसँग केहीअघि थाइल्याण्डकै एक कार्यक्रममा भेटेको सन्दर्भ समेत सुनाउँदै संसारभर फैलिएका नेपालीहरूलाई संस्कृतिको साझा धागोले जोड्ने काम इन्ट्रा फाउन्डेसनले गरेकोमा प्रशंसा गरे । 'एउटा राष्ट्रको हिसाबले हामीसँग बरु केही सीमाहरू छन्', उनले भने, 'तर, अमेरिका पुगेका भुटानी नेपालीहरूको संस्थाले नेपाली गीत-सङ्गीत र संस्कृतिमाथि यति ठूलो कार्य गर्नु भनेको निकै प्रशंसनीय छ ।' मन्त्री पाण्डेले उत्कृष्ट अवार्ड जसले जिते पनि दुवै शोमा सहभागी सम्पूर्ण प्रतिभाहरूलाई नेपाली सांस्कृतिक दूतको रूपमा आ-आफ्ने भूमिमा सक्रिय हुन आग्रह समेत गरे ।

फाउन्डेशनका कार्यकारी निर्देशक चूडामणि भट्टराईका अनुसार संसारभर छरिएका नेपाली मूलका नागरिकलाई गायन र नृत्य कलामार्फत एउटै मालामा गाँसेर नेपाली सांस्कृतिक पहिचानलाई विश्वभर प्रवर्द्धन गर्ने कार्यक्रमको उद्देश्य रहेको छ । दुवै शोमा विभिन्न ६० मुलुकबाट सहभागिता जनाइ यो साता उत्कृष्ट आठको सूचीमा प्रवेश गरेका छन् । 'अन्टार्कटिकाबाहेक सबै महादेशमा हामी पुगेका छौँ', उनले भने, 'म्यान्मारबाट त त्यता पुगेको सातौँ पुस्ताका प्रतिभाले पहिलोपटक नेपालमा पाइला टेक्दै शोमा सहभागी हुनुभएको छ ।'

कार्यक्रममा म्यान्मारकै अस्मिता न्यौपाने, कतारको प्रतिनिधित्व गर्दै जुनु प्रसाइँ, सिक्किमबाट दीपराज राई र नेपालबाट प्रशान्त पोखरेलले मन्त्री पाण्डेसहितलाई गीत सुनाएका थिए । दुवै रियालिटी शोको प्रथम हुनेलाई जनही रु एक/एक करोड, दोस्रोलाई रु ३०/३० लाख, तेस्रो हुनेलाई रु १०/१० लाख र उत्कृष्ट १० मा पर्ने सहभागीले जनही रु तीन लाख पुरस्कार राशि प्राप्त गर्ने बताइएको छ । दुवै शोको ग्राण्ड फिनाले आगामी भदौ ७ गते गोदावरीमा हुने कार्यकारी निर्देशक भट्टराईले बताए ।

# 'अभिमन्यु'को 'माली' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौँ–** चलचित्र 'अभिमन्यु : च्याप्टर-१'को गीत सार्वजनिक भएको छ । 'माली' बोलको गीत निर्माणपक्षले सोमबार सार्वजनिक गरेको हो । गीतमा शब्द, संगीत तथा स्वर प्रशान्त शिवाकोटीको छ । विषम आचार्यको संगीत संयोजन रहेको छ । प्रशान्त तिनै संगीतकर्मी हुन्, जसले चलचित्र 'पूर्ण बहादुरको सारङ्गी'का अधिकांश गीत गाएका थिए ।

'माली'मा दाजु र बहिनीबीतको निश्चल सम्बन्ध र जिम्मेवारीको कथा छ । दाजुले बहिनीलाई गर्ने मायालाई गीतमा उतार्ने प्रयास गरिएको छ । बहिनीको हाँसोमा खुसी र त्यसैमा संसार देख्ने जिम्मेवार दाजुको कथा छ । माली बनेर बहिनीको रेखदेख गर्ने दाजु र बहिनीको कथा बोलेको गीतले दर्शकको मन छुन्छ ।

रक्षाबन्धनलाई मध्यनजर गरेर गीत ल्याइएको निर्माणपक्षले जनाएको छ । गीत सार्वजनिक गर्दै निर्माणपक्षले भिडियो प्रतिस्पर्धाको पनि घोषणा गरेको छ । 'हामीले यो गीतमा दाजुभाइ दिदीबहिनीले रक्षाबन्धनको राखी बाँधेको भिडियो बनाएर सेयर गर्न अनुरोध गर्छौं,' निर्माण टिमले भनेको छ, 'उत्कृष्ट ३ भिडियोलाई क्रमशः ५० हजार, ३० हजार र १५ हजार रकमको पुरस्कार राखेको छौँ ।'

चलचित्र 'अभिमन्यु : च्याप्टर-१' भदौ २७ गते रिलिज हुँदैछ । हिन्दी भर्सन असोज ६ अर्थात् (सेप्टेम्बर २२) मा रिलिज हुने निर्माण पक्षले जनाएको छ । हिन्दी भर्सन पनि वर्ल्डवाइड रिलिज हुने निर्माता विनोद पौडेलले जानकारी दिएका छन् ।

पोस्टप्रोडक्सनमा रहेको चलचित्र 'अभिमन्यु : च्याप्टर-१'को मुख्य भूमिकामा कामेश्वर चौरासिया, सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, किरण श्रेष्ठ, प्रकाश दाहाल, सुष्मा निरौला छन् । सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण भएको सिनेमा 'अभिमन्यु : च्याप्टर-१'लाई सुशान्त गौतमले निर्देशन गरेका हुन् । यो उनको डेब्यु निर्देशन हो । मुकेश खनालको लेखन रहेको चलचित्रको क्रिएटिभ निर्देशक मदन थापा हुन् ।

'अभिमन्यु : च्याप्टर-१' का निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाई र हरि श्रेष्ठ सह-निर्माता रहेको चलचित्रका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन् । जीवन शाक्य लाइन प्रोड्युसर रहेको यस चलचित्रमा मनोज श्रेष्ठ भिएफएक्स, सुप्रिम पराजुली रंग सम्योजन, मदन घिमिरे सम्पादक रहेका छन् । 'अभिमन्यु'मा शरद महतोको डिओपी रहेको छ ।

# कोमल वलीको तीज गीत 'सिंगापुरे सारीमा' सार्वजनिक

**काठमाडौं (प्रस)–** चर्चित गायीका कोमल वलीको नयाँ तीज गीत 'सिंगापुरे सारीमा' सार्वजनिक भएको छ । यादव प्रसाद पन्त र बसन्त योगीको शब्द रहेको गीतमा स्वर कोमल वलीको रहेको छ, भने संगीत एवं एरेन्ज पुष्कर सुनुवारले गरेका छन् । गीतको भिडियो एक कार्यक्रमका वीच नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले विमोचन गरे । कोमल दिदीले गायको यो गीत 'सिंगापुरे सारीमा' शव्द तथा भिडियो उत्कृष्ट भएको पनि अध्यक्ष लम्सालले प्रतिकृया दिए ।

विशेष गरी दर्जनौ लोक तथा दोहोरी गीतमा निकै चर्चा कमाएकी गायीका वलीले नेपाली चलचित्रका गीत समेत गाएकी छिन् । पछिल्लो समय राजनीतिमा होमिएकी गायीका वलीले यो बर्ष 'सिंगापुरे सारीमा' लगाएतका तीज गितमा आफ्नो स्वर भरेकी छिन् । इक्षा अधिकारी र स्वमं कोमल वलीको अभिनय रहेको गीतको भिडियोको कोरियोग्राफि तथा निर्देशन प्रसान्त मगरले गरेका छन्, भने भिडियो दिनेश पराजुलीले खिचेका हुन् । गायीका वलीको बिहे गर्ने आश अझै नमरेको र त्यसका लागि भगवान शिव जी लाई पुकार गरेको आशय गीतको शब्दमा सुन्न पाईन्छ । भिडियो पनि भगवान शिवकै आरधना तथा पुजा गर्दै विहेको लगन नजुराई दिएको र यस पालिको तीजमा केही हुने अपेक्षलाई समेटिएर भिडियो निर्माण भएको छ ।

दंगाली गायीका भएकै र कोमल दिदीको बिहेकै बारेमा थिम तयार गरी गीत एवं भिडियो बजारमा ल्याएको रचनाकार तथा प्रोड्युसर यादव प्रसाद पन्तको भनाई छ ।

सात समुन्द्र पारी रहेर पनि नेपाली नारीहरूको महान पर्व तीजलाई मध्यनजर गरेर तीज गीत बजारमा ल्याको पन्तले बताए । गायीका वली दिदीले अत्यन्त राम्ररी गीत गाइदिएको र गीत र भिडियो पनि राम्रो भएकाले श्रोता दर्शकले मन पराईदिने पनि रचनाकार तथा प्रोड्युसर पन्तले बताए । भिडियो एसआरआई क्रियसनबाट सार्वजनिक भएको छ ।

## रंगशाला

# एसियन बक्सिङमा नेपालको पदक पक्का



**काठमाडौं (प्रस)–** एसियाली बक्सिङ च्याम्पियनसिपको पुरुष यु-२२ उमेरसमूहमा नेपालका अर्पिल रानाले कम्तीमा कांस्य पदक पक्का गरेका छन् । ५० केजी तौलसमूहमा अप्रिल सेफिफाइनल प्रवेश गरेसंगै कांस्य पदक पक्का भएको बक्सिङका अन्तराष्ट्रिय को-ओडिनेटर तथा नेपाल बक्सिङ महासंघका उपाध्यक्ष श्यामकाजी अवालेले जनाएका छन् । एसियन बक्सिङको आयोजनामा थाइल्यान्डको बैंककमा जारी प्रतियोगितामा अर्पिलले भुटानी मुक्केवाज किन्ले फुन्चोलाई ४:१ (स्प्लिट) अंकको आधारमा पराजित गर्दै सेमिफाइनल प्रवेश गरेका हुन् । यसअघि अर्पिलले साउदी अरबका मुक्केवाज इब्राहीमलाई ५-० ले हराउँदै क्वाटरफाइनलमा स्थान सुरक्षित गरेको थिए ।

अर्पिलले अगष्ट ६ तारीखमा जापानका मुक्केवाज सोदाई कोटोसंग सेमिफाइनलमा प्रतिस्पर्धा गर्ने छन् । जापानी मुक्केवाज कोटोले फिलिपिनी मुक्केवाजलाई ५-० ले पाखा लगाउदै सेमिफाइनल यात्रा तय गरेका थिए ।

# संकटाको हिरक जयन्तीमा नयाँ जर्सी

■ प्रभाव संवाददाता

**काठमाडौं–** संकटा क्लवले आफ्नो हिरक जयन्ती (७५) औं वर्षगाँठको अवसरमा आधिकारिक जर्सी सार्वजनिक गरेको छ ।

फुटवल खेलको क्षेत्रमा परिचत संकटा क्लबले हालसम्म 'ग्रासरुट फुटवल प्रशिक्षण १०० औं हप्ता' पार गरेको छ भने क्वलले हिरक जयन्ती मनाइरहेको अवसरमा शनिवार राजधानीमा आयोजित कार्यक्रममा सेतो, पहेंलो र कलेजी (मरुन) रङ्गको आफ्नै जर्सी सार्वजनिक गरेको हो ।

काठमाडौँ महानगरपालिका-२२ वडाका अध्यक्ष चिनीकाजी महर्जनले महानगरको केन्द्रमा अवस्थित २२ वडामा ऐतिहासिक सम्पदाहरू सुनधारा, धरहरा, गण विहारलगायत सामाजिक काम र खेलकुदमा अग्रणी भूमिका निर्वाह गर्दै आएको संकटा क्लवले पनि यस वडाको गरिमा बढाएको बताए ।

संकटा क्लवका अध्यक्ष इन्द्रमान तुलाधरले संकटा क्लवले फुटवल खेलको माध्यमबाट खेलकुदको क्षेत्रमा योगदान दिने प्रयास गर्दै अगाडि बढ्दा साँखुमा आफ्नै फुटवल ग्राउण्ड बनाएर फुटवल प्रशिक्षण केन्द्र सञ्चालन गर्दै आएको जानकारी दिंदै नयाँ जर्सी पनि सार्वजनिक गरेको बताए ।

उनले पूर्णिमा राई जस्तो खेलाडी उत्पादन गर्न सक्षम संकटा क्लवले खेलाडीहरूलाई अन्य प्राविधि सिप, प्रशिक्षणको माध्यमबाट खेलकुदबाहेक अन्य व्यवसाय र काम गर्न सक्ने बनाएर आत्मनिर्भर बनाउने तयारी पनि गरेको बताए । माणिकरत्न स्थापितको संयोजकत्व आयोजिक कार्यक्रममा संकटा क्लवका विविध गतिविधीमा सहयोग र समन्वयकारी भूमिका निर्वाह गरेका भगवान बहादुर शाही, सुरेन्द्र महर्जन, वीरेन्द्र महर्जन, इजिप्ट सिक्राकार, सुप्रिया शाक्य, अनिता खड्का, विमल सिक्राकार, सुजन बज्राचार्य र निलनीदेवी सिंहलाई सम्मान गरिएको थियो ।

संकटा क्लवले रक्तदान सेवालाई पनि हरेक शनिवार आयोजना गर्दै आएको छ । क्लवद्वारा आयोजित रक्तदान कार्यक्रमबाट ५,७७९ पिन्ट रगत गरी रगत आवश्यक परेका व्यक्तिलाई सहयोग गरेको जानकारी दिइयो । हालसम्म संकटा क्लवले १५० औं पटक रक्तदान कार्यक्रमको आयोजना गरिसकेको छ ।

# श्रीकृष्णजन्माष्टमीको अवसरमा साइकल ऱ्याली

■ प्रभाव संवाददाता



**काठमाडौं–** श्रीकृष्ण जन्माष्टमी महोत्सवको पूर्वसन्ध्यामा डिभाइन युथ क्लब नेपालको आयोजनामा 'सिटी साइकल ऱ्याली' कार्यक्रम सम्पन्न भएको छ । युवाहरूमा अद्यात्मिक चेतना अभिवृद्धि र महोत्सवको प्रचार-प्रसारलाई उद्देश्य बनाई आयोजना गरिएको उक्त ऱ्यालीमा झण्डै २०० युवाको उत्साहजनक सहभागिता रहेको थियो ।

साइकल ऱ्यालीको पशुपतिनाथ मन्दिर परिसरस्थित वनकालीको श्री कृपालु स्मृति उद्यानबाट श्री राधा माधव समिति नेपालद्वारा शुभकामना दिदै शुभारम्भ गरिएको थियो । त्यसपश्चात ऱ्यालीले बत्तीसपुतली, पुरानो बानेश्वर, डिल्लीबजार, सुन्धारा हुँदै ऐतिहासिक वसन्तपुर–हनुमानढोका परिसरमा प्रवेश गऱ्यो । वसन्तपुर आगमनको अवसरमा नेपाल स्काउट सिद्धिगणेश ओपन स्काउट तथा काठमाडौँ दरबार क्षेत्र पर्यटन प्रवर्द्धन संघद्वारा साइकल यात्रीहरूलाई भव्य स्वागत एवं मायाको चिनो दिई कार्यक्रममा हौशला प्रदान गरिएको थियो ।

वसन्तपुर तथा पाटन कृष्ण मन्दिर परिसरमा आयोजित भजन, कीर्तन, नाचगान लगायतका सांस्कृतिक कार्यक्रमहरूले सम्पूर्ण वातावरणलाई भक्तिमय बनायो । उपस्थित स्थानीय बासिन्दा र भक्तजनहरू श्रीकृष्ण भजन, कीर्तन तथा अध्यात्मिक नृत्यमा रमाउँदै श्रीकृष्णप्रति समर्पित भावनामा तल्लीन देखिन्थे ।

ऱ्यालीको समापन टेकु, त्रिपुरेश्वर हुँदै पाटनको ऐतिहासिक कृष्ण मन्दिर परिसरमा भव्यताका साथ गरिएको थियो । यस अवसरमा डिभाइन युथ क्लब नेपालले सम्पूर्ण भक्तजन, स्थानीय बासिन्दा र सम्प्रेषित युवालाई यही श्रीकृष्णजन्माष्टमीको दिन श्याम-श्याम धाममा आयोजित विशेष धार्मिक कार्यक्रममा सहभागी हुन हार्दिक निमन्त्रणा समेत दिएको छ ।

यस वर्षको श्रीकृष्ण जन्माष्टमी यही साउन ३१ गते विशेष कार्यक्रम भव्य रूपमा श्री भक्ति मन्दिर, श्याम श्याम धाम, राधे राधे, भक्तपुरमा आयोजना हुँदैछ ।


युएइमा रोजगार — कम्पनी : SAFA DREAM LADIES SALON L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328413 | चलानी नं. ६०२४२२६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 1500 | ५७,१९६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 2 | 1500 | ५७,१९६ | | | | | | | |
| 3 | Manicurist | 0 | 2 | 1500 | ५७,१९६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

साउदीमा रोजगार — कम्पनी : ISTIHKAAQ NAJD AL-NASEER COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 323151 | चलानी नं. ६०२३७११६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 6 | 0 | 1000 | ३६,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

युएइमा रोजगार — कम्पनी : ALNIZAMI BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328380 | चलानी नं. ६०२४२२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 20 | 0 | 1000 | ३७,६२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३०/०७४/०७५

Career Development Human Resource Pvt. Ltd.
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063,
4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

युएइमा रोजगार — कम्पनी : AURA GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 322405 | चलानी नं. ६०२३६४०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (building Projects) | 9 | 0 | 1000 | ३७,५९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason / Brick Mason Assistant | 55 | 0 | 1000 | ३७,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

ओमन/साउदी/कुवेतमा रोजगार

कम्पनी : MASAR INTEGRATED LLC

पूर्व स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 328449 | चलानी नं.६०२४२३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 10 | 0 | 100 | ३६,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAWARID HUMAN RESOURCES

पूर्व स्वीकृति मिति : २०८२/04/१४ | LT. No. 328208 | चलानी नं.६०२४२०१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAS SAUDI INTERNATIONAL LOGISTIC SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 323302 | चलानी नं.६०२३७२८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 16 | 0 | 1800 | ६६,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 321458 | चलानी नं.६०२३५५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६६,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NURSERY WITH BE AN ACADEMIC

पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 312440 | चलानी नं.६०२२६९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 5 | 100 | ४५,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF INDUSTRIAL SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 323596 | चलानी नं. ६०२३७५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1200 | ४४,७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



बंगलादेशको ढाकामा बुरीगंगा नदीको किनारमा मालवाहक जहाजबाट मुढा झार्दै कामदारहरू । *तस्विर: सिन्हुवा*

# दोस्रो विश्वयुद्धमा बाँचेकी कोरियाली ८० वर्षपछि पनि अझै पीडित

**हापचियोन, दक्षिण कोरिया–** सन् १९४५ अगस्ट ६ मा हिरोशिमालाई ध्वस्त पार्ने आणविक बम 'लिटिल ब्वाई' अमेरिकीहरूले खसाल्दा बाए क्युङ-मी पाँच वर्षकी थिइन् । त्यस समयमा सहरमा काम गर्ने हजारौं अन्य जातीय कोरियालीहरू जस्तै उनको परिवारले पनि यो त्रासलाई गोप्य राखेको थियो ।

औपनिवेशिक शासक जापानका लागि सानोतिनो श्रमिकमाथि लाग्ने लाञ्छना र विकीरणका कारण हुने रोगको संक्रामकताबारे बोल्न धेरैलाई डर लाग्थ्यो । त्यस दिन हिरोशिमास्थित आफ्नो घरमा खेलिरहेको बेला विमानको आवाज सुनेको बाए सम्झन्छिन् । उनी भन्छिन्, 'त्यसको केही मिनेटमै मेरी आमा भग्नावशेषमा पुरिनुभएको थियो ।'

'मैले मेरी आमालाई जापानी भाषामा भनेँ- आमा ! त्यहाँ हवाईजहाजहरू छन् !,' अहिले ८५ वर्ष पुगेकी बाएले एएफपीसँग भनिन्, 'त्यसको केही समयपछि आमा कहिल्यै बोल्नुभएन, खै कहाँ जानुभयो त्यो पनि मलाई थाहा भएन । पछिमात्र मलाई भनियो आमा बित्नुभयो भनेर ।'

बाए भन्छिन्, 'मेरो घर म माथि ढल्यो र आगलागी भयो । भग्नावशेषले मलाई जलेको आगोबाट बचाएछ । मैले पछि अरूले भनेको सुनेँ । थाहा पाएँ ।' तर ती जहाजहरूबाट खसालिएका विष्फोटक पदार्थले आमा, काका र काकीसहित दशौं हजार मानिसहरूको ज्यान लिए । पछि बाएको बाँकी परिवार जापानबाट कोरिया फर्क्यो । उनीहरूले आफ्नो अनुभवबारे कसैलाई बताएनन् । 'मैले मेरो पतिलाई म हिरोशिमामा थिएँ र बम विष्फोटको सिकार भएको थिएँ भनेर कहिल्यै भनिनँ,' बाएले भनिन् ।

उनी भन्छिन्, 'त्यतिबेला मानिसहरूले अक्सर उक्त घटनामा परेका व्यक्तिका बारेमा नकारात्मक कुरा गर्थे । यदि मेरो श्रीमान्ले म त्यो परमाणु बम बारीबाट बचेको व्यक्ति हो भन्ने थाहा पाएको भए मलाई विवाह गर्नुहन्नथ्यो होला । समाजले यस्तो व्यक्तिलाई हेर्ने दृष्टिकोण गलत थियो ।'

सन् १९९६ मा दक्षिण कोरियाको हाप्चेओनमा बम विष्फोटका पीडितका लागि स्थापना गरिएको विशेष केन्द्रमा आफ्नो नाम दर्ता भएपछि मात्र उनका दुई छोराले हिरोसिमामा बम खस्दा उनी त्यहाँ रहेको थाहा पाएका थिए । बाएले विकीरणसँग सम्बन्धित रोगहरूबाट पीडित हुने डरले क्यान्सरको उच्च जोखिमको कारण उनको अण्डाशय र स्तन निकाल्न बाध्य भएको बताइन् । तर यो कुरा आफ्ना बच्चा र श्रीमान्लाई समेत बताइनन् ।



## पीडामाथि पीडा

उनलाई आफू किन बिरामी परिरहेको छ भनेर थाहा थियो, तर उनले आफ्नो परिवारलाई भनेकी थिइनन् । उनले भनिन्, 'हामी सबैले यसलाई दबाइदियौं ।' हिरोशिमा र नागाशाकीमा भएको दुईवटा बम विष्फोटमा करिब सात लाख ४० हजार मानिसको मृत्यु भएको थियो ।

जापानको कोरियाली प्रायद्वीपमा उपनिवेश रहेको समयमा जापानमा ठूलो संख्यामा मानिसहरूको ओहोरदोहोर भएको तथ्यांकले देखाएको छ । जापानमा बाँचेकाहरूले हिबाकुशा वा आणविक बमबाट बचेकाहरू र कोरियालीहरूको रूपमा भेदभाव सहनुपरेको थियो ।

सन् १९५० देखि सन् १९५३ को कोरियाली युद्धका कारण प्रायद्वीप विभाजित भएपछि धेरै कोरियालीहरूले प्योङयाङ समर्थक र जापानको सियोल समर्थक समूहहरूमध्ये एक रोज्नुपरेको थियो । क्वोन जून-ओहकी आमा र बुबा दुवै हिरोशिमा आक्रमणमा बाँच्न सफल भएका थिए । उनका अनुसार ७६ वर्षीय उनका आमाबाबुले पनि आफ्नो पुस्ताका अन्य सदस्यले जस्तै जापानीहरूले आफूभन्दा तल ठानेको 'फोहोर र खतरनाक काम' मात्र गर्न पाउँथे ।

सन् १९९० को दशकको अन्त्यतिर हिरोशिमा शान्ति पार्कमा कोरियाली पीडितहरूलाई दशकौंसम्म आधिकारिक स्मारक बनाउनबाट बञ्चित गरिएको थियो । सन् १९४५ अगस्ट ६ मा किम ह्वा-जा चार वर्षकी थिइन् र बम विष्फोटपछि हिरोसिमाबाट भाग्ने प्रयास गर्दा घोडाको पासोमा परेको सम्झना गर्छिन् ।

उनले भनिन्, 'एक्कासि ठूलो आवाज आयो । धुवाँ सबैतिर फैलियो र सहर जल्यो ।' कम्बलमुनिबाट बाहिर हेरिरहेकी किमलाई उनकी आमा र बुवाले कम्बलले मुख छोप्न भने । उनले त्यसै गरिन् र सम्भवतः ज्यान बच्यो ।

कोरियाली समूहहरूको अनुमानअनुसार त्यस दिन ५० हजारभन्दा बढी कोरियालीहरू सहरमा थिए र दशौं हजारले सैन्य स्थलहरूमा मजदुरी गरिरहेका थिए । हिरोशिमाका एक अधिकारीले एएफपीसँग भने, 'सहरको कार्यालय यति पूर्ण रूपमा तहसनहस भयो कि स्पष्ट रेकर्डहरू पत्ता लगाउन सम्भव थिएन ।'

जापानको औपनिवेशिक नीतिले कोरियाली नामको प्रयोगमा प्रतिबन्ध लगायो, जसले रेकर्ड राख्न थप जटिल बनायो । आक्रमणपछि बाँचेका हजारौं कोरियालीहरू आफ्नो नयाँ स्वतन्त्र देशमा फर्केका थिए । तर त्यसयता थुप्रैले स्वास्थ्य समस्यासँगै र लाञ्छनाको सामना गरिरहेका छन् । 'त्यतिबेला विकीरणको जोखिम संक्रामक (फैलिन सक्ने) हुन सक्छ भन्ने निराधार अफवाहहरू थिए,' देशको हाप्चेओन आणविक बमपीडित केन्द्रका निर्देशक जियोङ सो-वोनले भने ।

जियोङले भने, 'राष्ट्रव्यापी रूपमा करिब एक हजार ६०० दक्षिण कोरियाली जीवितै रहेको अनुमान गरिएको छ, जसमध्ये ८२ जना केन्द्रमा बस्छन् ।' सियोलले सन् २०१६ मा एक विशेष कानुन लागू गरेको थियो जसमा पीडितहरूलाई मासिक ७२ अमेरिकी डलरको भत्ता पनि समावेश गरिएको थियो तर यसले उनीहरूका सन्तान वा विस्तारित परिवारलाई कुनै सहयोग प्रदान गर्दैन ।

'बम विष्फोटबाट प्रभावित दोस्रो र तेस्रो पुस्ताका थुप्रै सन्तान जन्मजात रोगबाट पीडित छन्,' जियोङले भने । 'भविष्यमा उनीहरूलाई सहयोग गर्ने प्रावधानलाई कानुनमा 'समावेश गर्नैपर्छ',' उनले भने ।

जापानको हिबाकुशा समूहले विश्वलाई आणविक युद्धको भयावहता देखाउन गरेको प्रयासको कदर गर्दै गत वर्ष नोबेल शान्ति पुरस्कार जितेको थियो । तर आक्रमणको ८० वर्ष बितिसक्दा पनि जापान र कोरियाका धेरै बाँचेकाहरूले संसारले केही नसिकेको बताएका छन् ।

## केबल गफ

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हालै इरानको आणविक केन्द्रहरूमा गरेको आक्रमणलाई हिरोशिमा र नागासाकीमा भएको बमबारीसँग तुलना गरेका छन् । विष्फोटपछि बाँच्न सफल किम जिन-होले भने, 'हिरोशिमामा भएको बम विष्फोटको त्रासदी के उहाँले बुझ्नुभएको छ ? के उहाँले नागासाकीको त्यो कुरा बुझ्नुभएको छ ?'

कोरियामा हाप्चेओन केन्द्रले अगस्ट ६ मा एक स्मृति दिवस मनाउने छ र यस वर्षको कार्यक्रमले थप ध्यान आकर्षित गर्ने आशा गरिएको छ । 'राजनीतिज्ञहरूबाट केवल कुराकानी भएको छ । तर कुनै गम्भीर चासो छैन,' उनले भने । *रासस/एएफपी*

# बंगलादेशका पूर्वप्रधानमन्त्रीको कार्यालय 'क्रान्ति संग्रहालय' बन्दै

**ढाका–** कुनै बेला कडा सुरक्षा भएको दरबार अर्थात् बंगलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाको पूर्वसरकारी निवासलाई उनको निरंकुश शासनको चिरकालीन सम्झना दिलाउन संग्रहालयमा परिणत गर्न थालिएको छ ।

सन् २०२४ को अगस्ट ५ मा हसिना हेलिकप्टरबाट भारत भागेपछि ढाका दरबारको छतमा झण्डा फहराइरहेका भीडको तस्बिरले उनको सरकार ढाल्ने विद्यार्थी नेतृत्वको आन्दोलनको अवस्थाको चित्रण गरेको छ । करिब १७ करोड जनसंख्या रहेको दक्षिण एसियाली राष्ट्रमा अझै पनि राजनीतिक उथलपुथल कायमै रहेको अवस्थामा एक वर्षपछि पनि गणभवन दरबारले भविष्यका लागि सन्देश दिने अधिकारीहरूले आशा गरेका छन् ।

उनको शासनको निन्दा गर्दै भित्तामा कोरिएका संकेतहरू यथावत् राखिएका छन् । भित्तामा कोरिएका संकेतमध्ये एकमा लेखिएको छ, 'स्वतन्त्रता ! हामी न्याय चाहन्छौं ।' हसिनाको शासनकालमा राजनीतिक विरोधीहरूलाई सामूहिक हिरासत र गैरन्यायिक हत्या गर्नेजस्ता व्यापक मानव अधिकार उल्लंघन भएको थियो ।

संयुक्त राष्ट्रसंघका अनुसार सन् २०२४ को जुलाईदेखि अगस्टसम्मको अवधिमा सत्तामा टिकिरहने असफल प्रयासमा एक हजार ४०० जनाको मृत्यु भएको थियो । ७७ वर्षीया पूर्वप्रधानमन्त्री हसिनाले ढाकामा मानवताविरुद्धको अपराधको अभियोगमा चलिरहेको सुनुवाइमा उपस्थित हुन अदालतको आदेशको अवहेलना गरेकी छन् ।

भावी पुस्ताका लागि सुरक्षित कयौं अन्यसन्देशमध्ये अर्को एक सन्देशमा लेखिएको छ, 'तानाशाह ! हत्यारा हसिना !' पूर्वप्रधानमन्त्रीको कार्यालयलाई संग्रहालयमा रूपान्तरण गर्दा 'उनको कुशासन र सत्ताबाट हटाउँदा जनताको आक्रोशको सम्झना जोगाउने' सन् २०२६ को सुरुमा चुनाव नहुञ्जेल कामचलाउ सरकारको नेतृत्व गरिरहेका ८५ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसले बताए ।



## फासीवादको प्रतीक

अधिकारकर्मी तथा डकुमेन्ट्री फोटोग्राफर २७ वर्षीया मोस्फिकुर रहमान जोहानलगायतका हजारौं व्यक्तिले हसिनाको शयनकक्षमा पालोपालो गरी नाचेका थिए, भान्साकोठा भेटेको खाना खाएका थिए र हसिनाले माछा पालेको तालमा पौडी खेलेका थिए । 'यसले विगतको आघात, विगतको पीडा र प्रतिरोधको कल्पना र प्रतीकलाई संरक्षण गर्ने छ,' उनले भने ।

उनले थपे, 'गणभवन फासीवादको र निरंकुश शासनको प्रतीक हो ।' यो भवन हसिनाका पिता, बंगलादेशका प्रथम नेता शेख मुजिबुर रहमानले निर्माण गरेका थिए र हसिनाले आफ्नो १५ वर्षको शासनकालमा यसलाई आफ्नो आधिकारिक निवास बनाएकी थिइन् ।

निर्माणाधीन संग्रहालयका क्युरेटर ताञ्जिम वहाबले एएफपीसँग कुरा गर्दै संग्रहालयमा प्रदर्शनमा मारिएका प्रदर्शनकारीका कलाकृति समावेश गरिने बताए । उनीहरूको जीवनकथा फिल्म र फोटोग्राफको माध्यमबाट सुनाइने छ भने हसिनाको शासनको लामो अवधिमा सुरक्षा फौजद्वारा मारिएका व्यक्तिको नाम पनि त्यहाँ राखिने छ ।

'संग्रहालयको प्रमुख उद्देश्य विगतलाई प्रदर्शन गर्ने हो । यसले लामो समयदेखिको कूशासन र उत्पीडनलाई फर्केर हेर्न सहयोग गर्ने छ,' वहाबले भने, 'मलाई विश्वास छ, यो परियोजनाको सबैभन्दा महत्त्वपूर्ण पक्षहरूमध्ये एक हो ।'

वहाबले संग्रहालयमा 'एनिमेसन' र अन्तरक्रियात्मक सामग्रीहरू राखिने छ । 'हामी युवाहरू यसलाई लोकतान्त्रिक विचार, नयाँ सोच र नयाँ बंगलादेश कसरी निर्माण गर्ने भन्ने विषयमा छलफल गर्ने मञ्चका रूपमा प्रयोग गन चाहन्छौं,' वहाबले भने ।

## 'तानाशाही की मूर्तियाँ'

अन्तरिम नेता युनुसले चुनावअघि सुनिश्चित गर्न चाहेका लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउने वाचा गरेसँगै राजनीतिक दलहरू सत्ताका लागि होडबाजी चल्दा प्रयासहरू सुस्त भएका छन् । क्रान्तिको एक वर्षे वार्षिकोत्सवको पूर्वसन्ध्यामा ह्युमन राइट्स वाचले चेतावनी दिँदै अन्तरिम नेता युनुसले सामना गर्नुपरेका चुनौतीहरू अथाह भएको जनाएको छ ।

एचआरडब्ल्यूले भनेको छ, 'बंगलादेशीहरूको अधिकारको रक्षा गर्नुको सट्टा हसिनाका समर्थकहरूमाथि प्रतिशोध लिनमा बढी केन्द्रित हिंस्रक धार्मिक कट्टरपन्थी र राजनीतिक समूहका गतिविधिका कारण अन्तरिम सरकार अड्केको जस्तो देखिन्छ ।' हसिनाको दरबारको संरक्षण गरिरहँदा प्रदर्शनकारीहरूले उनको शासनका अन्य थुप्रै दृश्य चिह्नहरू च्यातेका छन् ।

हसिनाका पिताको मूर्ति भत्काइएको छ र दुवैको चित्र च्यातेर जलाइएको छ । प्रदर्शनकारीहरूले हसिनाले आफ्ना पिता शेख मुजिबुर रहमानको घरलाई उनकै कामको संस्मरणमा संग्रहालयमा परिणत गरेका थिए । रहमानका ऐतिहासिक घर भत्काउने भीडमा रहेका एक प्रदर्शनकारी मुहिबुल्लाह अल मस्नुनले भने, 'तानाशाहको पतनसँगै उसका आकर्षण पनि अन्त्य हुन्छन् ।'

बंगलादेशलाई राम्रो भविष्यतर्फ अघि बढाउन यस्ता चिह्न हटाउन आवश्यक रहेको २३ वर्षीया छात्रा मस्नुनले बताइन् । 'ती तानाशाहका मूर्तिहरू थिए,' मस्नुनले भनिन् । *रासस/एएफपी*

# यमनमा आप्रवासी बोकेको डुंगा डुब्दा ६८ जनाको मृत्यु

**दुबई–** यमनमा आप्रवासी बोकेको डुंगा दुर्घटना हुँदा ६८ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसंघको आप्रवासन मामिला हेर्ने निकायले सोमबार जनाएको छ । राष्ट्रसंघीय निकायका अनुसार डुंगामा अधिकांश इथियोपियालीहरू थिए भने डुंगा डुबेपछि दर्जनौं अझै बेपत्ता छन् ।

हालसम्म डुंगामा सवार १५७ मध्ये ६८ जनाको मृत्यु हुनुका साथै १२ जनालाई उद्धार गरिएको तथा बेपत्ताहरूको खोजी कार्य जारी रहेको अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) अभियानका देशीय निर्देशक अब्दुसाट्टोर एसोभलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

यसअघि आइतबार दक्षिणी यमनको अब्यान प्रान्तको सुरक्षा स्रोतहरूले आप्रवासी बोकेको डुंगा दुर्घटना हुँदा २७ जनाको मृत्यु भएको जनाएका थिए । सन् २०१४ देखि यमनमा चलिरहेको युद्धको कारण आप्रवासन समस्या बढेको जनाइएको छ । हजारौंले खाडी देशहरूमा पुग्ने आशामा जिबूटीबाट यमनसम्मको 'पूर्वी मार्ग' रेड सी पार गरेर जाने गर्छन् ।

प्रान्तको सुरक्षा निर्देशनालयले समेत यमनको अब्यानको तटमा डुबेको डुंगामा अधिकांश इथियोपियाली आप्रवासीहरू रहेको पुष्टि गरेको छ । आइतबार सुरक्षा बलले शवहरू निकाल्ने र जीवितहरूको उद्धार गर्ने अभियान चलाइरहेको बताएको थियो ।

गत महिना आप्रवासीहरूलाई बोकेको डुंगामा रेड सीमा तस्करहरूले आक्रमण गरेपछि आठ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसंघको आप्रवासन एजेन्सीले जनाएको छ । आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठनका अनुसार दशौं हजार आप्रवासीहरू यमनमा फसेका छन् र उनीहरूको यात्राको क्रममा दुर्व्यवहार र शोषणको सामना गरिरहेका छन् ।

गत वर्ष आइओएमले 'रेड सी' मार्गमा कम्तीमा ५५८ जनाको मृत्यु भएको रेकर्ड गरेको थियो, जसमा ४६२ जनाको मृत्यु डुंगा दुर्घटनाका कारण भएको मानिएको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९६६०० | प्रति तोला - ० | प्रति तोला - २२५५ |



**याक गोठ** | **समुद्री सतहदेखि चार हजार ३०० मिटर उचाइमा अवस्थित ताप्लेजुङको मिक्वाखोला गाउँपालिका-५ लोदेन क्षेत्रमा रहेको याक गोठ । हिमाली समुदायको जीवनशैलीसँग गाँसिएको याकपालन उनीहरूको प्रमुख पुर्खौली पेसा हो ।**

*तस्बिरः दिलकुमार लिम्बू/रासस*

# मध्यकालीगण्डकी जलविद्युत् आयोजना निर्माण सुरु

■ **प्रभाव संवाददाता**

**म्याग्दी-** म्याग्दीको अन्नपूर्ण गाउँपालिका भएर बग्ने कालीगण्डकी नदीबाट विद्युत् उत्पादन गर्न जलविद्युत् आयोजना निर्माण सुरु भएको छ । कालीगण्डकी नदीमा निर्माण हुन लागेको यो पहिलो आयोजना हो ।

हाइड्रो सपोर्ट कम्पनीले ६६ दशमलव तीन मेगावाट क्षमताको मध्य कालीगण्डकी जलविद्युत् आयोजना निर्माण थालेको हो । सिभिल ठेकेदार रसुवा-मल्टी जेभीले अन्नपूर्ण गाउँपालिका-२ नागढङ्गामा विस्फोटक पदार्थको प्रयोग गरेर गत हप्तादेखि चार हजार तीन सय १९ मिटर लामो सुरुङ निर्माण सुरु गरेको हाइड्रो सपोर्टका सञ्चालक चन्द्र ढकालले बताए ।

अडिटको दुरी चार सय ५९ मिटर छ । बाँधतर्फबाट यही साउन महिनाभित्र र आउटलेटबाट हिउँददेखि सुरुङ खन्ने तयारी भएको छ । अन्नपूर्ण गाउँपालिका-३ सुकेबगरमा १२ मिटर अग्लो र ३५ मिटर लामो बाँध बनाइ ल्याउने पानी एक सय ५१ मिटर उचाइबाट अन्नपूर्ण-२ नौनीबगरमा निर्माण हुने भूमिगत विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गर्ने लक्ष्य छ ।

रन अफ दर रिभर प्रकृतिको यस आयोजनाको विद्युत्गृह, स्विचार्ड, कन्ट्रोल रुम जमिनभित्र भूमिगत हुन्छ । रसुवा-मल्टि जेभीका प्रमुख कार्यकारी अधिकृत फणिन्द्रराज पाण्डेले सुरुङ निर्माणका लागि अत्याधुनिक बुमर रोवटिक सटकिटलगायत उपकरण ल्याएको बताए ।

मध्य कालीगण्डकीको विद्युत् नौनीबगरदेखि सात किलोमिटरमाथि दानामा रहेको २२० केभी क्षमताको सवस्टेशनमार्फत केन्द्रिय प्रणालीमा आवद्ध हुनेछ । आगामी तीन वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको हाइड्रो सपोर्टका सञ्चालक ढकालले बताए । कूल रु १२ अर्ब ९३ करोड लागत अनुमान गरिएको यस आयोजनामा नविल बैंक लिमिटेडको नेतृत्वमा छ वटा वाणिज्य बैंकले ७५ प्रतिशत, २५ प्रतिशत प्रर्वद्धक र सेयर लगानीकर्तामार्फत जुटाइने भएको छ ।

नेपाल विद्युत् प्रधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता हुँदा हिउँदयामको विद्युत् खरिद दर रु आठ ४० पैसा र वर्षायामको दर रु चार रूपैयाँ ८० पैसा कायम भएको छ । आयोजनाबाट हिउँदमा एक सय ३० गिगावाटबाट रु एक अर्ब नौ करोड र बर्खामा दुई सय ७७ गिगावाटबाट रु एक अर्ब ३३ करोड आम्दानी हुने प्रक्षेपण छ ।

मध्य कालीगण्डकीसहित कालीगण्डकी नदी बेसिनमा तीन सय मेगावाट भन्दा बढी क्षमताका तीन वटा जलविद्युत् आयोजनाले निर्माणको अनुमति लिएका छन् । ६५ मेगावाटको माथिल्लो कालीगण्डकी, एक सय ८० मेगावाटको कालीगण्डकी गर्जले पनि निर्माणको तयारी गरेका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए ।

## कर्पोरेट

### मुक्तिनाथ विकास बैंक र 'एमएन अस्पताल'बीच सम्झौता




**काठमाडौं (प्रस)-** मुक्तिनाथ विकास बैंक लि.ले आफ्ना ग्राहकहरूलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले काठमाडौँको, बसुन्धरामा रहेको 'एमएन अस्पताल' सँग विशेष छुट गर्ने गरी व्यवसायिक सम्झौता गरेको छ ।

यस व्यवसायिक सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका ग्राहकहरूले 'एमएन अस्पताल' बाट प्रदान हुने विभिन्न सेवाहरू जस्तै अपरेसन, प्रयोगशाला, एक्स-रे, औषधी, आदिमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । यस प्रकारको सहकार्यबाट ग्राहकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा सरल, सुलभ र कफायती रूपमा प्राप्त हुने विश्वास बैंकले लिएको छ । बैंकले आगामी दिनहरूमा पनि आफ्ना ग्राहकहरूको हितमा यस्ता सेवामूलक साझेदारहरू विस्तार गर्दै लैजाने प्रतिबद्धता जनाएको छ ।

बैंकले हालै मोवाईल एक फाइदा अनेक लिन सक्ने मुक्तिनाथ फाइदा एप संचालनमा ल्याउनुको साथै अन्तरदेशीय क्यूआर भुक्तानी सेवा पनि संचालनमा ल्याएको छ । त्यसै गरी मोबाईल बैंकिङ्ग, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा लगाएतका अन्य कार्यहरू बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको छ ।

### प्रोटनको 'ड्रिम अ ड्रीम' क्याम्पेन




**काठमाडौं (प्रस)-** विश्वस्तरीय अटोमोटिभ ब्रान्ड प्रोटोन, नेपालमा आफ्नो आधुनिक इलेक्ट्रिक सवारीमार्फत पहिचान बनाउदै अब यातायात मात्र नभएर सपनाहरूलाई पनि अघि बढाउने नयाँ अभियानमा जुटेको छ ।

आफ्नो नवीन विद्युतीय सवारी साधनहरूको साथ नेपालमा प्रगति गरिरहेको विश्वव्यापी अटोमोटिभ ब्रान्ड प्रोटोनले अब गतिशीलता मात्र नभई सपनाहरूलाई शक्ति प्रदान गर्ने साहसिक नयाँ पहल अगाडि बढाइरहेको छ ।

नेपालमा थप दिगो र नवप्रवर्तनयुक्त भविष्य निर्माणतर्फको उल्लेखनीय कदमस्वरूप, प्रोटोनले 'ड्रिम अ ड्रीम' अभियान सुरु गरेको छ, जसबाट यसले नेपाली परिवर्तनकर्ताहरूलाई आर्थिक सहयोग र मार्गदर्शन प्रदान गर्ने लक्ष्य लिएको छ । यो पहलले ठूला सपना देख्न हिम्मत गर्ने र वास्तविक प्रभाव पार्न चाहनेहरूको पहिचान र समर्थन गर्ने उद्देश्य राखेको छ ।

यस अभियानअन्तर्गत, प्रोटोनले नेपाली उद्यमी, नवप्रवर्तक तथा सपना देख्ने व्यक्तिहरूद्वारा प्रस्तुत गरिएका उत्कृष्ट तीन आइडियाहरूलाई जनही ५ लाखसम्मको सहयोग प्रदान गर्नेछ । सबै नेपाली नागरिकहरूका लागि आवेदन खुला गरिएको छ, जुन सजिलै स्क्यान गर्न मिल्ने क्यूआर कोडमार्फत दर्ता गर्न सकिने छ । आवेदन बुझाउने अन्तिम मिति २०२५ अक्टोबर ३१ सम्म रहको छ ।

तीन विजेताहरूले वित्तीय सहयोग मात्र होइन, शार्क ट्यांक नेपालको आगामी सिजनका लागि अझ उच्च चुनौती र अवसरका लागि आफ्नो विचारलाई थप परिष्कृत गर्न अनुभवी मार्गदर्शन र सहयोग पनि प्राप्त गर्नेछन् । प्रोटोनका नेपालका आधिकारिक विक्रेता जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ताले भने, 'प्रोटोनमा, हामी विश्वास गर्छौं कि नवप्रवर्तन केवल कारखानामा बनाइँदैन, यो त मानिसको मन र मुटुबाट सुरू हुन्छ, 'ड्रिम अ ड्रीम' अभियानमार्फत, त्यस्ता सपना र सम्भावनामा लगानी गरेर, जसले नेपालको भविष्य निर्माण गर्न सक्छ, त्यही समाजलाई केही फर्काएर दिन चाहन्छौं, जसले हामीलाई यति आत्मीयताका साथ स्वागत गरेको छ ।' यो अभियानले प्रोटोनको दिगोपन, उद्यमशीलता र स्थानीय विचारहरूको सामर्थ्यप्रति रहेको दीर्घकालीन प्रतिबद्धतालाई अझ सुदृढ बनाएको छ ।

साथै यो अभियान सडकदेखि नेतृत्व तहसम्म उद्धेश्यपूर्ण नवप्रवर्तनमार्फत भविष्यलाई ऊर्जा दिने ब्रान्डको मूल लक्ष्यलाई पुरा गर्न समर्पित रहेको छ । यस 'ड्रिम अ ड्रीम' अभियानका विजेताहरूको घोषणा २०२५ नोभेम्बरमा गरिनेछ, त्यसपछिको चरणमा प्रोटोन र यसका साझेदारहरूको सहयोगमा एक विशेष 'मेन्टोरशिप यात्रा' सुरु गरिने छ ।

### कजारियाको शोरुम वीरगञ्जमा



**वीरगञ्ज (प्रस)-** कजारियाले नेपालमा आफ्नो उपस्थिति अझ मजबुत बनाउँदै वीरगञ्ज, पर्सामा अत्याधुनिक शोरूम उद्घाटन गरेको छ । जय श्रीराम ट्रेड एण्ड कन्सर्न द्वारा सञ्चालित यस शोरूमले उच्च गुणस्तरका टायलहरूको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको छ ।

शोरुमको खानेपानी मन्त्री प्रदीप यादवले उद्घाटन गरेका थिए । कार्यक्रममा कजारिया रमेश टाइल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवाल पनि उपस्थित थिए । उद्घाटनपछि मन्त्री यादवले नयाँ शोरूमको सञ्चालनले आफू उत्साहित भएको बताए ।

वीरगञ्जको प्रमुख क्षेत्र ब्रम्ह चोकमा अवस्थित यो नयाँ शोरुमले प्रिमियम टायलहरूको विस्तृत संग्रह प्रदान गर्दछ, जसले ग्राहकहरूलाई सजिलो पहुँच र सुविधा सुनिश्चित गर्दछ । यसको विस्तारसँगै, कजारिया उच्च गुणस्तर र डिजाइनका नयाँ मापदण्डहरू सेट गर्ने आफ्नो मिशनलाई निरन्तर अघि बढाउँदै नेपालका निर्माण सामग्रीको क्षेत्रमा आफ्नो नेतृत्वलाई बलियो बनाउँदै छ ।

प्रिमियम टाइल्सलाई नेपालभर सहजै उपलब्ध गराउने आफ्नो लक्ष्यलाई निरन्तरता दिँदै यो शोरुमको शुभारम्भ कजारियाको लागि महत्वपूर्ण उपलब्धि हो । कजारिया रामेश टाइल्स लिमिटेडले नेपालकै सबैभन्दा ठूलो टाइल उत्पादन प्लान्ट स्थापना गरेर नेपालको टायल उद्योगमा नयाँ कीर्तिमान स्थापित गरेको छ । विश्वस्तरीय मापदण्ड अनुसार तयार गरि अत्याधुनिक प्रविधिद्वारा निर्मित काजारिया रामेश टाइल्स लिमिटेडले आधुनिक सजावटका बदलिँदो रुचिहरूलाई ध्यानमा राख्दै ३,००० भन्दा बढी विशेष डिजाइनका टायलहरू बजारमा ल्याएको छ ।

### बीवाईडी २०२५ फर्च्युन ग्लोबलको सूचीको ९१औं स्थानमा

**काठमाडौं (प्रस)-** बीवाईडी २०२५ फर्च्युन ग्लोबलको




सूचीको ९१औं स्थानमा पर्न सफल भएको छ । सूचीमा रहेका कुल ५०० कम्पनीमध्ये चिनियाँ अटोमेकर बीवाईडी पहिलोपटक शीर्ष १०० भित्र परेको हो । सन् २०२४ मा १४३औं स्थानमा थियो । सन् २०२२ यता बीवाईडी फर्च्युन ग्लोबलको सूचीमा लगातार पर्दै आएको छ ।

गत वर्ष बीवाईडीले आफ्नो ग्रोथमा अप्रत्यासित उछाल देखाएको थियो । बीवाईडीका चार उद्योगको व्यापार चम्किएको थियो । कम्पनीको वार्षिक आम्दानी ७ खर्ब ७७ अर्ब चिनियाँ युआन (१४ खर्ब ३८ अर्ब रूपैयाँ) पुगेको थियो । यो बीवाईडीको आम्दानीमा २९ प्रतिशतको वृद्धि हो ।

कम्पनीले सन् २०२४ मा न्यू इनर्जी भेहिकल (एनइभी)को बिक्रीमा पनि नयाँ रेकर्ड हात पारेको थियो । बीवाईडीले गत वर्ष ४२ लाख ७० हजार युनिट न्यू इनर्जी भेहिकल बेचेको थियो । यो भनेको ४१ प्रतिशतको वार्षिक वृद्धि हो । यही व्यापारिक रफ्तारका कारण बीवाईडीले लगातार तेस्रो वर्ष पनि ग्लोबल न्यू इनर्जी पेसेन्जर भेहिकल बिक्रीमा उपाधि जित्न सफल भएको छ । जसका कारण बीवाईडी विश्व अटो बजारमा झन् झन् बलियो प्लेयर बन्दै गइरहेको छ ।

# दिगो विकास लक्ष्य हासिल गर्न अवाजा कार्ययोजना सहयोगी बन्ने विश्वास



**तुर्कमेनिस्तान-** सांसद सूर्यबहादुर थापा क्षेत्रीले भूपरिवेष्ठित विकासोन्मुख देशले सामना गरिरहेका चुनौती समाधान गरी निर्धारित समयसीमाभित्रै दिगो विकास लक्ष्य हासिल गर्न अवाजा कार्ययोजना सहयोगी बन्ने विश्वास व्यक्त गरेका छन् ।

तुर्कमेनिस्तानको संसद्, अतिकम विकसित राष्ट्रहरू, भूपरिवेष्ठित तथा साना टापु विकासोन्मुख राष्ट्रसम्बन्धी उच्चस्तरीय प्रतिनिधिको राष्ट्र संघीय कार्यालय र अन्तर-संसदीय संघ (आइपियू) द्वारा सोमबार तुर्कमेनिस्तानको अवाजा सहरमा आयोजित विषयगत सत्रमा नेपालका तर्फबाट धारणा राख्दै उनले उक्त कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्नु सांसदको महत्वपूर्ण जिम्मेवारी भएको बताए ।

सांसद थापाले कार्ययोजना कार्यान्वयनमा भएका प्रगतिको अनुगमन, मूल्यांकन तथा समीक्षा गर्न एक संयन्त्र विकास गर्न र सरकारलाई ठोस कदम चाल्न प्रेरित गर्नुपर्ने सुझाव दिए । दिगो विकास लक्ष्य हासिल गर्न तथा देशको समग्र विकासका लागि शान्ति, सरकारप्रति जनताको विश्वास र जनउत्तरदायी संस्थाको भूमिका अत्यन्तै महत्वपूर्ण हुने उल्लेख गर्दै उनले नयाँ संविधान जारी गरेपछि नेपाल राजनीतिक स्थिरता र आर्थिक-सामाजिक रूपान्तरणको युगमा प्रवेश गरेको जानकारी दिए ।

'निर्धारित समयमै दिगो विकास लक्ष्य हासिल गर्न नेपाल प्रयासरत छ । यी लक्ष्य प्राप्तिका लागि नेपालले आफ्ना समग्र सरकारी संयन्त्र र समाजको सम्पूर्ण सामर्थ्यको प्रयोग गरिरहेको छ', सांसद थापाले भने, 'हामी केही लक्ष्यप्राप्तिको दिशामा उन्मुख छौँ भने केहीमा अभाव र चुनौतीलाई परास्त गर्न विकास साझेदारबाट थप सहयोग र सहकार्यको आवश्यकता छ ।'

अवाजा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट पनि दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उनले भूपरिवेष्ठित विकासशील राष्ट्रहरू (एलएलडिसी) का संसद्को भूमिकालाई सशक्त बनाउन प्रमाणमा आधारित आवाज बुलन्द बनाउनुपर्नेमा जोड दिनुभयो । 'एक समावेशी, जनउत्तरदायी र पारदर्शी शासनका लागि एलएलडिसीका संसदहरूले नीति तथा कानुनी हस्तक्षेपमार्फत सामाजिक एकता, सहभागितामूलक निर्णय प्रक्रिया, स्रोतको समतामूलक वितरण र कानुनको शासन सुनिश्चित गर्नुपर्छ', सांसद थापाले भने ।

एलएलडिसी तथा छिमेकी राष्ट्रबीच आपसी विश्वास, शान्ति र सहकार्य सुदृढ गर्न आइपियू तथा अन्य उच्चस्तरीय राजनीतिकलगायत क्षेत्रीय तथा विश्वव्यापी मञ्चको प्रयोग गर्नुपर्ने उनको भनाइ छ । सांसद थापाले अवाजा कार्ययोजना कार्यान्वयन गर्न र सरोकार भएकाहरूसँग सहकार्य गर्न नेपाल पूर्ण प्रतिबद्ध रहेको बताए । दिगो विकास लक्ष्य (एसडिजी) हासिल गर्नु चुनौतीपूर्ण बन्दै गएको जनाउँदै उनले भूपरिवेष्ठित तथा विकासोन्मुख राष्ट्र (एलडिसी) का लागि अवस्था अझ बढी कठिन बनिरहेको बताए ।

# नेप्से परिसूचकमा दोहोरो अंकको सुधार

■ **प्रभाव संवाददाता**




**काठमाडौं-** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको सुधार देखिएको छ । नेप्से परिसूचक आज १६ दशमलव ४६ अंकले बढेर दुई हजार ८७५ दशमलव ३६ को बिन्दुमा कायम भएको हो । यो शून्य दशमलव ५७ प्रतिशतको सुधार हो । ३२५ कम्पनीको दुई करोड ७१ लाख ६९ हजार ७५५ कित्ता सेयर एक लाख ४९ हजार २७४ पटक खरिदबिक्री हुँदा रू १० अर्ब ८२ करोड २४ लाख ४९ हजार ४०२ बराबरको कारोबार भएको छ ।

कारोबारमा बैंकिङ एक दशमलव ६६, जलविद्युत् शून्य दशमलव २५, लगानी शून्य दशमलव ११, जीवन बिमा शून्य दशमलव ५०, लघुवित्त शून्य दशमलव ५०, म्युचुअल फन्ड शून्य दशमलव ०८ र व्यापार दुई दशमलव ८९ प्रतिशतले बढेको छ । विकास बैंक शून्य दशमलव ०६, वित्त शून्य दशमलव ८२, होटल तथा पर्यटन शून्य दशमलव ३४, उत्पादन तथा प्रशोधन शून्य दशमलव १२, निर्जीवन बिमा शून्य दशमलव ५१ र अन्य समूह शून्य दशमलव ४५ प्रतिशतले घटेको छ ।

थ्रिस्टार हाइड्रोपावर लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै ६ दशमलव ८९ प्रतिशतले बढेको छ । ट्रेड टावर लिमिटेडको सेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ